FNJ JHAPA

# चौथो अङ्ग

*Bulletin* । बुलेटिन

२०८१




नेपाल पत्रकार महासंघ झापा

# नेपाल पत्रकार महासंघ झापा

## कार्यसमिति (२०७८-२०८१)



**एकराज गिरी**
अध्यक्ष



**केशव भट्टराई**
उपाध्यक्ष



**सुशीला संग्रौला**
उपाध्यक्ष



**डिकेश लामा**
सचिव



**अर्जुन राजवंशी**
सहसचिव



**राजु पाठक**
सहसचिव



**रञ्जित प्रसाई**
कोषाध्यक्ष

**कार्यसमिति सदस्यहरू**



**सन्तोष शर्मा**



**स्वस्तिका आचार्य**



**विनोद पाण्डे कमल**



**रञ्जित परियार**



**चिरञ्जीवी घिमिरे**



**राजन साम्पाङ**



**होमप्रकाश अधिकारी**




**सुनिरा मैनाली**



**सुष्मा राजवंशी**



**अच्यूत सुवेदी**



**द्रोण अधिकारी**



**अनुषा चुडाल**
कर्मचारी



# यसभित्र....



**अध्यक्ष मन्तव्य**
( पृष्ठ ३-४ )

**१४औं जिल्ला अधिवेशन**
- दीर्घसेवा सम्मान
- पुरस्कार तथा सम्मान
( पृष्ठ ६६-८५)



**मिडिया सम्मेलन**
- प्यानल बहस
- प्रशिक्षण
- अन्तरक्रिया
( पृष्ठ ४९-६५)



**झापालाई उत्कृष्ट शाखा सम्मान** ( पृष्ठ ८६ )



**रू. १, ११, ११, १११।-**
पत्रकार सहारा उपचार कोष घोषणा
- दाताहरुलाई सम्मान
- दाताहरुको नामावली
- कोषबाट राहत-सहयोग पाउनेको नामावली
( पृष्ठ १२-४८)



**स्व. नेत्र पाठकको परिवारलाई रू. १ लाख हस्तान्तरण**
( पृष्ठ ९५-९६)

**झापाको पत्रकारिता पुस्तक विमोचन**
- पुस्तक परिचर्चा
- पुस्तक समीक्षा
( पृष्ठ ८७-९४)



## कार्यालय

- बिर्तामोड, झापा (अर्जुनधारा-११)
- फोन नं. ०२३-५३०२०६
- इमेल: fnjjhapa2071@gmail.com
- Web: www.fnjjhapa.org.np

**चौथो अङ्क बुलेटिन-२०८१**

भाषा सम्पादक
लक्ष्मण ढकाल/ रश्मिशेखर सुवेदी

आवरण/तस्वीर
विनोद पाण्डे "कमल"

ले-आउट
सन्तोष अधिकारी




बिर्तामोडस्थित कार्यालय भवन ।

# पत्रकारको हितमा गरेको दिगो कामले गर्व महशुस हुन्छ




**एकराज गिरी**
अध्यक्ष

श्रमजीवी व्यवसायिक पत्रकारको हकहितका लागि संगठित नेपाल पत्रकार महासंघ झापा शाखाले दीर्घकालीन प्रभाव राख्ने महत्वपूर्ण कार्य सम्पन्न गर्न सफल भएकोमा सिङ्गो कार्यसमिति तथा अध्यक्षका नाताले गर्व अनुभूत हुन्छ ।

अघिल्लो निर्वाचनपछिको तीन वर्षे अवधि पूरा भए पनि महासंघ केन्द्रले सञ्चालन गरेको सदस्यता शुद्धीकरण अभियान टुंगोमा पुग्न नसक्दा र सदस्यता सम्वन्धी देशभर उत्पन्न विवादले पटक–पटक घोषित निर्वाचन हुन नसकेको परिप्रेक्षमा यस कार्यसमितिले तीन वर्षमा थप अरु आठ महिना व्यतित गर्नुपऱ्यो । महासंघ झापाले यस अवधिको सदुपयोग गर्दै थप रचनात्मक कार्य सम्पन्न गरेको छ ।

श्रमजीवी पत्रकारको सामाजिक सुरक्षाका लागि वर्तमान कार्यसमितिले पत्रकार सहारा उपचार कोषमा १ करोड ११ लाख ११ हजार १११ रुपैयाँ पुऱ्याइ कोषको औपचारिक घोषणा गरेको छ । यो कार्य पत्रकारको हितमा दीर्घकालीन महत्वको मात्र नभई देशभरका पत्रकार महासंघ शाखा तथा अन्य संस्थाका लागि समेत उदाहरणीय बनेको हामीलाई प्राप्त प्रतिक्रिया र हौसलाले पुष्टि गर्छ । ६५ वर्ष माथिका पत्रकारलाई ज्येष्ठ पत्रकार वृत्ति वितरणको शुरुवात भएको छ । पत्रकार महिला सुत्केरी हुँदादेखि पत्रकारहरु घाइते, गम्भीर बिरामी हुँदा, परिवारमा हुने मरिमराउ तथा पत्रकारको मृत्युपछि पनि परिवारलाई कोषको ब्याजबाट सहायता

श्रमजीवी व्यवसायिक पत्रकारको हकहितका लागि संगठित नेपाल पत्रकार महासंघ झापा शाखाले दीर्घकालीन प्रभाव राख्ने महत्वपूर्ण कार्य सम्पन्न गर्न सफल भएकोमा सिङ्गो कार्यसमिति तथा अध्यक्षका नाताले गर्व अनुभूत हुन्छ ।

अघिल्लो निर्वाचनपछिको तीन वर्षे अवधि पूरा भए पनि महासंघ केन्द्रले सञ्चालन गरेको सदस्यता शुद्धीकरण अभियान टुंगोमा पुग्न नसक्दा र सदस्यता सम्वन्धी देशभर उत्पन्न विवादले पटक–पटक घोषित निर्वाचन हुन नसकेको परिप्रेक्षमा यस कार्यसमितिले तीन वर्षमा थप अरु आठ महिना व्यतित गर्नुपऱ्यो । महासंघ झापाले यस अवधिको सदुपयोग गर्दै थप रचनात्मक कार्य सम्पन्न गरेको छ ।

श्रमजीवी पत्रकारको सामाजिक सुरक्षाका लागि वर्तमान कार्यसमितिले पत्रकार सहारा उपचार कोषमा १ करोड ११ लाख ११ हजार १११ रुपैयाँ पुऱ्याइ कोषको औपचारिक घोषणा गरेको छ । यो कार्य पत्रकारको हितमा दीर्घकालीन महत्वको मात्र नभई देशभरका पत्रकार

महासंघ शाखा तथा अन्य संस्थाका लागि समेत उदाहरणीय बनेको हामीलाई प्राप्त प्रतिक्रिया र हौसलाले पुष्टि गर्छ । ६५ वर्ष माथिका पत्रकारलाई ज्येष्ठ पत्रकार वृत्ति वितरणको शुरुवात भएको छ । पत्रकार महिला सुत्केरी हुँदादेखि पत्रकारहरु घाइते, गम्भीर बिरामी हुँदा, परिवारमा हुने मरिमराउ तथा पत्रकारको मृत्युपछि पनि परिवारलाई कोषको ब्याजबाट सहायता प्रदान गरिँदै आएको छ । व्यवसायिक पत्रकारलाई पेशाप्रति निष्ठावान रही अभिप्रेरित गर्न भएका पुरस्कारको राशि वृद्धि, नयाँ पुरस्कार स्थापना अक्षयकोषको व्यवस्थापनसहित गरिएको छ । भवन स्तरोन्नति, पुस्तकालय, इ-पुस्तकालयको व्यवस्थापन, प्रशिक्षण लेखनवृत्ति लगायतका विषय अघिल्ला प्रकाशनमा उल्लेख भइसकेका छन् । १४औं जिल्ला अधिवेशनलाई भव्यरुपमा सम्पन्न गरेको यस कार्यसमितिले जिल्लामा पहिलो पटक मिडिया सम्मेलन गर्न सफल भएको छ ।

कार्यकालको प्रारम्भमा नियमित इ-बुलेटिन प्रकाशन गरेको महासंघ झापाको वर्तमान नेतृत्वले 'झापाको पत्रकारिता' नामक ऐतिहासिक दस्तावेजसहितको पुस्तक र तपाईले अध्ययन गरिरहनुभएकोसहित तीन वटा वार्षिक बुलेटिन प्रकाशन गरेको छ । झापाका पत्रकारको व्यक्तिगत विवरण समेटिएको डायरी प्रकाशनको तयारी गरेका छौं । समय अनुकूल भए प्रकाशन गरिने छ, नभए आउने कार्यसमितिलाई यो कार्यसहितको जिम्मेवारी हस्तान्तरण गरिने छ । समष्टिमा प्रकाशनका दृष्टिले पनि यो कार्यकाल ऐतिहासिक रहेको अनुरोध गर्दछु । श्रमजीवी पत्रकारको हित तथा संस्थागत विकासमा महासंघ झापा शाखाले गरेका कामको मूल्यांकन गरी महासंघ केन्द्रीय समितिले उत्कृष्ट शाखाको सम्मान प्रदान गरेको गर्विलो क्षणले हर्षित तुल्याएको छ भने रचनात्मक कार्यमा अग्रसर हुन थप हौसला प्राप्त भएको छ । विविध प्रतिकूलताका बीच महत्वपूर्ण कार्य सम्पन्न गर्दै मेरो नेतृत्वको कार्यसमितिले कार्यकाल पूरा गरेको छ । श्रमजीवी पत्रकारको हित, महासंघको संस्थागत विकास, सरकार तथा समाजका विभिन्न क्षेत्र र निकायसँगको सहकार्य तथा समन्वयमा दीर्घकालीन महत्वका ऐतिहासिक कार्य सम्पन्न गर्ने अवसर प्राप्त गरेकोमा गर्व महशुस गराएको छ । हामीले प्रारम्भ गरेको कार्यलाई निरन्तरतासँगै कोषहरुको पारदर्शी र व्यवस्थित सञ्चालन, पुरस्कारहरुको निष्पक्ष र व्यवस्थित वितरण तथा श्रमजीवी पत्रकारको हित र महासंघको संस्थागत विकासका लागि थप रचनात्मक कार्यको अभिभारा आउने कार्यसमितिलाई हस्तान्तरण गर्दैछौं । निर्वाचन प्रक्रिया मार्फत महासंघ झापाका लागि कुशल, अनुभवी, सबै पत्रकारलाई अभिभावकत्व प्रदान गर्न सक्ने नेतृत्व चयन गरी पद हस्तान्तरण गर्न हामी आतुर छौं । आउने नेतृत्वलाई हाम्रो साथ र सशक्त खबरदारी रहने नै छ । यस क्षणमा २५ चैत २०७७ मा १३औं जिल्ला अधिवेशनबाट हामीलाई निर्वाचित गरेर काम गर्ने अभिभारा सुम्पनु हुने सबै सदस्यहरुप्रति हार्दिक धन्यवादसहित आभार प्रकट गर्दछु । हामीलाई अविचलित रुपमा राम्रो काम गर्दै अघि बढ्न प्रेरित गर्नुहुने सबै अग्रज, सहकर्मी, शुभेच्छुक सबैमा हार्दिक आभार व्यक्त गर्दछु । यो कार्यकालमा आर्थिक, भौतिक लगायतका सहयोग गरेर दीर्घकालीन महत्वका काममा साथ दिने साथै हामीलाई सफल बनाउनुहुने सहयोगी, सहृदयी दाताहरुप्रति हार्दिक सम्मानसहित हृदय ओछ्याएर सम्मान गर्दछौं ।

महासंघको काममा साथ, सहयोग गर्दै अहोरात्र खट्नुहुने कार्यसमितिका साथीहरु, कर्मचारी, प्राविधिक काममा सदैव साथ दिने पत्रकार सन्तोष अधिकारी, रुपा मुखियालाई विशेष धन्यवाद ज्ञापन गर्दछु । महासंघ झापा र झापाली सञ्चार क्षेत्रलाई आगामी दिनमा पनि यस्तै साथ, सहयोग, माया गरिदिनुहुन, सद्भाव राखिदिनुहुन अनुरोध गर्दै हाम्रो कार्यकाल अवधिमा प्रत्यक्ष एवम् परोक्ष सहयोग गर्नुहुने, शुभेच्छा राख्नुहुने सबैप्रति सम्मानसहित तपाईहरुको सुस्वास्थ्य, दीर्घजीवन र प्रगतिको कामना गर्दछु।



# नेपाल पत्रकार महासंघ झापाका सदस्यहरूको विवरण

| क्र. सं. | नाम | थर | सदस्यता प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|
| १ | एकराज | गिरी | २०५८।१।१ | अध्यक्ष |
| २ | केशव | भट्टराई | २०६४।८।२१ | उपाध्यक्ष |
| ३ | सुशिला | संग्रौला | २०६४।८।२१ | उपाध्यक्ष |
| ४ | डिकेश | लामा | २०६४।८।२१ | सचिव |
| ५ | राजु | पाठक | २०६७।०९।१७ | सहसचिव |
| ६ | अर्जुन | राजवंशी | २०६४।८।२१ | सहसचिव |
| ७ | रन्जित | प्रसाई | २०७३।१०।१० | कोषाध्यक्ष |
| ८ | सन्तोष | शर्मा | २०७३।१०।१० | का.स.सदस्य |
| ९ | स्वस्तिका | आचार्य | २०७०।६।१४ | का.स.सदस्य |
| १० | बिनोद (कमल) | पाण्डे | २०७३।१०।१० | का.स.सदस्य |
| ११ | चिरञ्जीवी | घिमिरे | २०७३।१०।१० | का.स.सदस्य |
| १२ | राजन | साङपाङ | २०७०।६।१४ | का.स.सदस्य |
| १३ | होमप्रकाश | अधिकारी | २०५६ | का.स.सदस्य |
| १४ | सुनिरा | मैनाली | २०७३।१०।१० | का.स.सदस्य |
| १५ | सुष्मा | राजवंशी | २०७०।६।१४ | का.स.सदस्य |
| १६ | अच्युतराज | सुवेदी | २०७३।१०।१० | का.स.सदस्य |
| १७ | दोर्ण | अधिकारी | २०६७।०९।१७ | का.स.सदस्य |
| १८ | केशव | आचार्य | ०५६ | पूर्व अध्यक्ष |
| १९ | गोपाल | गिरी | ०५६ | |
| २० | चिन्तामणि | दाहाल | ०५६ | पूर्व अध्यक्ष |
| २१ | माधव | विद्रोही | ०५६ | पूर्व अध्यक्ष |
| २२ | राजबाबु | शंकर | ०५६ | |
| २३ | गोविन्दचन्द | क्षेत्री | ०५६ | पूर्व अध्यक्ष |
| २४ | गञ्जबहादुर | दाहाल | ०५६ | |
| २५ | लोकराज | ढकाल | ०५६ | |
| २६ | तीर्थ | सिग्देल | ०५६ | |
| २७ | कृष्ण | हुमागाइँ | ०५६ | पूर्व अध्यक्ष |
| २८ | लेखनाथ | भट्टराई | ०५६ | |
| २९ | लेखनाथ | परदेशी | ०५६ | |
| ३० | भीम | नेम्वाङ | ०५६ | पूर्व अध्यक्ष |
| ३१ | लक्ष्मीप्रसाद | लुइँटेल | ०५६ | |
| ३२ | चन्द्र | भण्डारी | ०५६ | पूर्व केन्द्रीय महासचिव |

| | | | | |
|---|---|---|---|---|
| ३३ | लीलाप्रसाद | बराल | ०५६ | पूर्व केन्द्रीय सदस्य |
| ३४ | लक्ष्मण | ढकाल | ०५६ | |
| ३५ | मोहन | काजी | ०५६ | पूर्व अध्यक्ष |
| ३६ | दिपीन | राई | ०५६ | |
| ३७ | रमेश | समदर्शी | ०५६ | |
| ३८ | गोपाल | का□ले | ०५६ | |
| ३९ | इन्द्रजित | मुखिया | ०५६ | |
| ४० | गणेश | पोखरेल | ०५८।१।१ | पूर्व अध्यक्ष |
| ४१ | छविराज | ढकाल | ०५८।१।१ | |
| ४२ | विष्णु | सुब्बा | ०५८।१।१ | |
| ४३ | राजेन्द्र | गौतम | ०५८।१।१ | |
| ४४ | तारामणि | सापकोटा | ०५८।१।१ | पूर्व अध्यक्ष |
| ४५ | सावित्रा | दाहाल | ०५८।१।१ | |
| ४६ | टिकारा म | नेपाल नेति | ०५८।१।१ | |
| ४७ | लीला | अनमोल | ०६१।८।१० | |
| ४८ | कृष्ण | सिंजाली (डिल्लीराम) | ०६१।८।१० | |
| ४९ | लक्ष्मी | उप्रेती | ०६१।८।१० | |
| ५० | दिपक | अधिकारी | ०६१।८।१० | |
| ५१ | मुक्ति | पौडेल | ०६१।८।१० | |
| ५२ | अनिल | ढुंगाना | ०६१।८।१० | |
| ५३ | सुब्रत | न्यौपाने | ०६१।८।१० | |
| ५४ | पुकारचन्द्र | राजवंशी | ०६१।८।१० | |
| ५५ | चेतन | अधिकारी | ०५८।१।१ | |
| ५६ | प्रेमकुमार | आचार्य | ०६४।८।२१ | |
| ५७ | कुमार | भट्टराई | ०६४।८।२१ | |
| ५८ | रोहित | काफ्ले | ०६४।८।२१ | |
| ५९ | गणेशमान | मुखिया | ०६४।८।२१ | |
| ६० | रश्मीशेखर | सुवेदी | ०६४।८।२१ | |
| ६१ | झुलन | रेग्मी | ०६४।८।२१ | |
| ६२ | विष्णुप्रसाद | पोख्रेल | ०६४।८।२१ | |
| ६३ | पुष्प | बराल | ०६४।८।२१ | |
| ६४ | लीलाराज | झापाली | ०६४।८।२१ | |
| ६५ | पर्वत | पोर्तेल | ०६४।८।२१ | |
| ६६ | रेजिना | गौतम | ०६४।८।२१ | |

| | | | | |
|---|---|---|---|---|
| ६७ | चुडामणि | वशिष्ठ | ०६४।८।२१ | |
| ६८ | गोपाल | झापाली | ०६४।८।२१ | |
| ६९ | अम्बिका | भण्डारी | ०६४।८।२१ | |
| ७० | कमन | देवान | ०६४।८।२१ | |
| ७१ | गोपीचन्द्र | पोखेल | ०६४।८।२१ | |
| ७२ | हिमालचन्द्र | खरेल | ०६४।८।२१ | |
| ७३ | सन्तोष | अग्रवाल | ०६४।८।२१ | |
| ७४ | इन्दू | पूर्वेली | ०६४।८।२१ | |
| ७५ | ईश्वर | अधिकारी | ०६४।८।२१ | |
| ७६ | डम्बर | बराल | ०६४।८।२१ | |
| ७७ | छवीलाल | दवाडी | ०६४।८।२१ | |
| ७८ | दीपेन्द्र | पौडेल | ०६४।८।२१ | |
| ७९ | शिरो | सान्दाइ | ०६४।८।२१ | |
| ८० | विशाल | नेम्वाङ | ०६४।८।२१ | |
| ८१ | विष्णुकुमार | भट्टराई | ०६४।८।२१ | |
| ८२ | बुद्धि (विमल) | लामिछाने | ०६४।८।२१ | |
| ८३ | आनन्द | गुरुङ | ०६४।११।३० | |
| ८४ | टीकाराम | उप्रेती | २०५९।८।२३ | |
| ८५ | विष्णु | रिमाल | ०६७।०९।१७ | |
| ८६ | अर्जुन | कार्की | ०६७।०९।१७ | |
| ८७ | राजकुमार | ओली | ०६७।०९।१७ | |
| ८८ | पुजनकुमारी | आचार्य | ०६७।०९।१७ | |
| ८९ | ज्ञानेन्द्र | निरौला | ०६७।०९।१७ | |
| ९० | सुरेन्द्र | भण्डारी | ०६७।०९।१७ | |
| ९१ | प्रकाश | उप्रेती | ०६७।०९।१७ | |
| ९२ | विष्णुप्रसाद | पौडेल | ०६७।०९।१७ | |
| ९३ | रेवती | घिमिरे | ०६७।०९।१७ | |
| ९४ | पार्थ | मण्डल | ०६७।०९।१७ | |
| ९५ | अनुषा | चुडाल | ०६७।०९।१७ | |
| ९६ | वेदप्रसाद | हुमागाई | ०६७।०९।१७ | |
| ९७ | मनकुमार | गदाल | ०६७।०९।१७ | |
| ९८ | उमानाथ | भण्डारी | ०६७।०९।१७ | |
| ९९ | गीताकुमारी | ढुंगाना | ०७०।६।१४ | |
| १०० | रामप्रसाद | निरौला | ०७०।६।१४ | |
| १०१ | आत्मराम | राजवंशी | ०७०।६।१४ | |

| | | | | |
|---|---|---|---|---|
| १०२ | तुलसी | निरौला | ०७०।६।१४ | |
| १०३ | उत्तम | नेपाल | ०७०।६।१४ | |
| १०४ | उद्धव | पुरी | ०७०।६।१४ | |
| १०५ | भीमाकुमारी | शिवाकोटी | ०७०।६।१४ | |
| १०६ | रिपेश | पुडासैनी | ०७०।६।१४ | |
| १०७ | अमितकुमार | साङपाङ | ०७०।६।१४ | |
| १०८ | कमला | श्रेष्ठ | ०७०।६।१४ | |
| १०९ | सन्तोष | अधिकारी | ०७०।६।१४ | |
| ११० | नरेन्द्रकुमार | ढकाल | ०७०।६।१४ | |
| १११ | भारती | राई | ०७०।६।१४ | |
| ११२ | वेणुप्रसाद | अधिकारी | ०७०।६।१४ | |
| ११३ | डिल्लीराम | घोर्साई | ०७०।६।१४ | |
| ११४ | डण्डीराज (विवेक) | घिमिरे | ०७०।६।१४ | |
| ११५ | गणेश | थापा | ०७०।६।१४ | |
| ११६ | नगेन्द्रमणि | न्यौपाने | ०७०।६।१४ | |
| ११७ | राजु | बराल | ०७०।६।१४ | |
| ११८ | राजु | पौडेल | ०७०।६।१४ | |
| ११९ | देशराज | नेम्वाङ | ०७०।६।१४ | |
| १२० | रमेश | तिवारी | ०७०।६।१४ | |
| १२१ | प्रदीप | परियार | ०७०।६।१४ | |
| १२२ | युवराज | विवश | ०७०।६।१४ | |
| १२३ | अनिलदेव | राई | ०७०।६।१४ | |
| १२४ | दिपेन्द्र | कटुवाल | ०७०।६।१४ | |
| १२५ | पिनाकी | कोइराला | ०७०।६।१४ | |
| १२६ | भेषराज | नेपाल | ०७०।६।१४ | |
| १२७ | गिरिराज | भट्टराई | ०७०।६।१४ | |
| १२८ | चुडामणि | तिम्सिना | ०७०।६।१४ | |
| १२९ | सेसेहाङ | फियाक | ०७०।६।१४ | |
| १३० | मनकुमार | शर्मा | ०७०।६।१४ | |
| १३१ | बिगम | श्रेष्ठ | २०७३।१०।१० | |
| १३२ | सिर्जना | घिमिरे | २०७३।१०।१० | |
| १३३ | धनकुमार | लावती | २०७३।१०।१० | |
| १३४ | सृजन | घिमिरे | २०७३।१०।१० | |
| १३५ | टीका | पोखरेल | २०७३।१०।१० | |
| १३६ | शम्भु | दाहाल | २०७३।१०।१० | |

| | | | | |
|---|---|---|---|---|
| १३७ | धनमाया | लामिछाने | २०७३।१०।१० | |
| १३८ | पुजन | घिमिरे | २०७३।१०।१० | |
| १३९ | सञ्जु | शिवाकोटी | २०७३।१०।१० | |
| १४० | इन्द्रकुमार | राई | २०७३।१०।१० | |
| १४१ | मनोज | बस्नेत | २०७३।१०।१० | |
| १४२ | अनिता | भेटवाल | २०७३।१०।१० | |
| १४३ | शान्तिराम | बस्नेत | २०७३।१०।१० | |
| १४४ | शौरभ | मुखिया | २०७३।१०।१० | |
| १४५ | गोविन्दप्रसाद | अधिकारी | २०७३।१०।१० | |
| १४६ | पुष्पलाल | खड्का | २०७३।१०।१० | |
| १४७ | सुदिप | अधिकारी | २०७३।१०।१० | |
| १४८ | सन्तोष | आचार्य | २०७३।१०।१० | |
| १४९ | जसोदा | राजवंशी | २०७३।१०।१० | |
| १५० | सरोज | भट्टराई | २०७३।१०।१० | |
| १५१ | किशोर | उपरकोटी | २०७३।१०।१० | |
| १५२ | रोमणि | लामिछाने | २०७३।१०।१० | |
| १५३ | जी एन | शर्मा | ०५६ | |
| १५४ | नेत्रविक्रम | विमली | ०६५ | |
| १५५ | तिलक | तामाङयोञ्जन | २०७७।१०।०६ | |
| १५६ | पवन कुमार | राजवंशी | २०७७।१०।०६ | |
| १५७ | राधिका | आचार्य | २०७७।१०।०६ | |
| १५८ | चेतन | लामीछाने | २०७७।१०।०६ | |
| १५९ | चन्द्रबहादुर | बस्नेत | २०७७।१०।०६ | |
| १६० | शिशिर | चम्लागाई | २०७७।१०।०६ | |
| १६१ | सान | नेपाल | २०७७।१०।०६ | |
| १६२ | नारायण | अर्याल | २०७७।१०।०६ | |
| १६३ | विष्णु | मैनाली | २०७७।१०।०६ | |
| १६४ | रोशन | भट्टराई | २०७७।१०।०६ | |
| १६५ | नरेश | खाती | २०७७।१०।०६ | |
| १६६ | सविना | राई | २०७७।१०।०६ | |
| १६७ | पुरुषोत्तम | पौडेल | २०७७।१०।०६ | |
| १६८ | रत्नबहादुर | वस्नेत | २०७७।१०।०६ | |
| १६९ | योगराज(युवराज) | आचार्य | २०७७।१०।०६ | |
| १७० | शान्ति | सुब्बा | २०७७।१०।०६ | |
| १७१ | ध्रुव | राजवंशी | २०७७।१०।०६ | |

| | | | | |
|---|---|---|---|---|
| १७२ | देवेन्द्र | प्रसाई | २०७७।१०।०६ | |
| १७३ | नरेश | गुरुङ | २०७७।१०।०६ | |
| १७४ | रीता | दाहाल | २०७७।१०।०६ | |
| १७५ | दिपेशकुमार | पनेरु | २०७७।१०।०६ | |
| १७६ | सुस्मादेवी | नेपाली | २०७७।१०।०६ | |
| १७७ | ज्योस्ना | श्रेष्ठ | २०७७।१०।०६ | |
| १७८ | तीर्थराज | तिम्सिना | २०७७।१०।०६ | |
| १७९ | भूमिराज | पराजुली | २०७७।१०।०६ | |
| १८० | प्रकाश | पौडेल | २०७७।१०।०६ | |
| १८१ | राजेन्द्र | चौलागाई | ०७०।६।१४ | |
| १८२ | केशवराज | भण्डारी | २०७३।१०।१० | |
| १८३ | शर्मिला | बुढाथोकी | २०८१ | |
| १८४ | उमेश | खतिवडा | २०८१ | |
| १८५ | डिल्लीश्वर | मुसाहाङ्ग लिम्बू | २०८१ | |
| १८६ | राजु | पोख्रेल | २०८१ | |
| १८७ | गोपाल | अधिकारी | २०८१ | |
| १८८ | दीपक | ढुंगाना | २०८१ | |
| १८९ | गगन | ढकाल | २०८१ | |
| १९० | बिन्दू | अधिकारी | २०८१ | |
| १९१ | बिनिता | गौतम | २०८१ | |
| १९२ | गृष्मा | सापकोटा | २०८१ | |
| १९३ | दिनेश | दंगाल | २०८१ | |
| १९४ | अर्जुन | भण्डारी | २०८१ | |
| १९५ | इन्द्रसिंह | राजवंशी | २०८१ | |
| १९६ | सन्तोष | न्यौपाने | २०८१ | |
| १९७ | चन्द्रप्रसाद | बनियाँ -प्रकाश) | २०८१ | |
| १९८ | एकराज | प्रधान | २०८१ | |
| १९९ | देविका | अधिकारी | २०८१ | |
| २०० | सुरेश | आले मगर | २०८१ | |
| २०१ | स्वतन्त्र | हुमागाँई | २०८१ | |
| २०२ | दिपेश | राजवंशी | २०८१ | |
| २०३ | जीवन | चुडाल | २०८१ | |
| २०४ | मनिषा | गौतम | २०८१ | |
| २०५ | भूकुमारी (भूमिका) | लिम्बू | २०८१ | |
| २०६ | विष्णु | श्रेष्ठ | २०८१ | |

| | | | | |
|---|---|---|---|---|
| [illegible] | अस्मिता | साँखी | २०८१ | |
| २०८ | सन्तोष | बिष्ट | २०८१ | |
| [illegible] | विष्णुप्रसाद | लामिछाने | २०८१ | |
| २१० | पंकज | दाहाल | २०८१ | |
| २११ | भरतराज | प्रसाई | २०८१ | |
| २१२ | पर्वत | तामाङ | २०८१ | |
| २१३ | समीर | कट्टेल | २०८१ | |
| २१४ | सबिना | लिम्बू | २०८१ | |
| २१५ | निराजन | निरौला | २०८१ | |
| २१६ | दिलीप | थापा | २०८१ | |
| २१७ | ईशा | प्रधान | २०८१ | |
| २१८ | मञ्जु | डाँगी | २०८१ | |
| २१९ | सुजन | प्रधान | २०८१ | |
| २२० | मनोज | तिवारी | २०८१ | |



# रू. एक करोड ११ लाख ११ हजार एक सय ११ रुपैयाँको पत्रकार सहारा उपचार कोष

विभिन्न क्षेत्रका दाताहरु र पत्रकारहरुको सहयोगबाट झापाका श्रमजीवी पत्रकारहरुको सामाजिक सुरक्षाका लागि नेपाल पत्रकार महासंघ झापाद्वारा स्थापित पत्रकार सहारा उपचार कोषमा एक करोड ११ लाख ११ हजार एक सय ११ रुपैंया पुगेको छ।

२०८१ वैशाख ३ गते बिर्तामोडमा विशेष कार्यक्रमका वीच नेपाल पत्रकार महासंघ झापाले स्थापना गरेको पत्रकार सहारा उपचार कोषमा एक करोड ११ लाख ११ हजार एक सय ११ रुपैंया पुगेको घोषणा गरिएको छ। कोषका दाताहरुलाई कोषको संस्थापक घोषणा गरिएको छ। झापाका १५० जना पत्रकारले समेत जनही तीन हजार रुपैयाँ कोषका लागि योगदान गरेका छन्। नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा महासंघ झापाका अध्यक्ष एकराज गिरीले सो घोषणा गर्नुभएको हो। प्रथम राष्ट्रपति डा. यादवले कोषका दाताहरुलाई त्यस अवसरमा सम्मान प्रदान गर्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्दै डा. यादवले नेपाल पत्रकार महासंघ झापाले शुरु गरेको अभियान उत्कृष्ट र उदाहरणीय भन्दै यस्तो अभियान देशभर सञ्चालन गर्नुपर्ने बताउनुभयो। डा. यादवले श्रमजीवी पत्रकारका हितमा झापामा देशकै उदाहरणीय कार्य भएको भन्दै पत्रकार महासंघ झापा शाखाको प्रशंसा गर्नुभयो। नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखेलले पत्रकार महासंघ झापाले उदाहरणीय काम गरेको भन्दै प्रशंसा गर्नुभयो। उनले अन्य जिल्लालेसमेत झापाबाट धेरै कुरा सिक्नुपर्ने बताउनुभयो।

कोशी प्रदेशका पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्कीले नेपाल पत्रकार महासंघ झापाले पत्रकारको हितमा गरेको कामको प्रशंसा गर्दै पत्रकारको पेशागत दक्षता र क्षमता अभिवृद्धिबाट आफू समेत प्रेरित भएको बताउनुभयो।

कोशी प्रदेशका पूर्वमुख्यमन्त्री उद्धव थापाले पत्रकार महासंघ झापा शाखाले स्थापना गरेको कोषको प्रशंसा गर्नुभयो। उहाँले कोषमा सहयोग गर्ने दाता परिवारलाई समेत धन्यवाद दिनुभयो।

सहारा नेपाल साकोसका प्रमुख कार्यकारी निर्देशक महेन्द्रकुमार गिरीले दीर्घकालीन सोच राखेर शुरु गरिएको यो अभियानले सार्थकता पाएको भन्दै खुशी व्यक्त गर्नुभयो।

नेपाल पत्रकार महासंघका संस्थापक महासचिव चन्द्र भण्डारीले पत्रकार महासंघ झापा शाखाले स्तुत्य कार्य गरेको भन्दै अध्यक्ष एकराज गिरीसहित अभियानमा जोडिएका सबैलाई धन्यवाद दिनुभयो। महासंघका अध्यक्ष गिरीको कार्यकालमा ऐतिहासिक काम भएको भन्दै उहाँले कोषको रकम दुरुपयोग हुन नदिने बताउनुभयो।

नेपाल पत्रकार महासंघ झापा शाखाका अध्यक्ष गिरीले अभियानमा जोडिने सबैलाई धन्यवाद दिदै कोषको रकम दुरुपयोग हुन नदिने बताउनुभयो। उहाँले कोषलाई अझ बढाएर लैजाने प्रतिबद्धता जनाउनु भयो। उहाले कोषबाट प्राप्त ब्याजबाट ज्येष्ठ पत्रकारलाई औषधि खर्च वापत भत्ताको व्यवस्था गर्ने बताउनुभयो।

कार्यक्रममा अभियानमा सहयोग गर्ने सहारा नेपाल साकोस, अन्तर्राष्ट्रिय झापाली समाजसहित व्यक्तिगत रुपमा सबैभन्दा धेरै रकम प्रदान गर्ने दाता जयनारायण ढुंगाना/अञ्जना ढुंगाना, महेन्द्रकुमार गिरी, महेन्द्र चम्लागाईं, मोहन ढकाल, कोष वृद्धिमा विशेष सहयोग गर्ने पूर्व मुख्यमन्त्री उद्धव थापा लगायत दाताहरुलाई सम्मान गरिएको थियो। सरकारी निकाय, विभिन्न संघ-संस्था र दातालाई कार्यक्रमका प्रमुख अतिथि डा. यादवले सम्मान पत्र प्रदान गर्नुभएको थियो। महासंघ झापाका उपाध्यक्ष केशव भट्टराईले सञ्चालन गरेको कार्यक्रममा सचिव डिकेश लामाले स्वागत गर्नुभएको थियो।

पत्रकार सहारा उपचार कोषको व्याजबाट पत्रकारहरु दुर्घटनामा घाइते हुँदा, जटिल रोगबाट बिरामी हुँदा तथा पत्रकार महिला सुत्केरी हुँदा उपचार खर्च दिइदै आएको छ। महासंघका सदस्यको मृत्यु भएमा परिवारलाई एक लाख हस्तान्तरण गर्न थालिएको छ। कोष करोड पुगेको अवसरमा अब ६५ वर्ष माथिका ज्येष्ठ पत्रकारलाई समेत औषधि सेवन खर्च वापत नियमित रुपमा (वार्षिक एकमुष्ठ) भत्ता दिन थालिएको छ। सदस्यका एकाघरका परिवारमा मरिमराउ भए रु. ११ हजार सरहे प्रदान गरिन्छ। कोष वृद्धिको अभियान करोडको लक्ष्यमा पुर्याउन र कोषप्रति हरेक पत्रकारलाई उत्तरदायी बनाउन यसअघि महासंघका सदस्यबाट कोषको सदस्यता वापत लिइदै आएको रु. तीन हजार शुल्कको व्यवस्था कोष करोड पुगेको अवसरमा हटाइएको छ। अब महासंघ झापा शाखाका हरेक सदस्यले कोषबाट सुविधा पाउने छन्। यी सबै सुविधा कोषबाट प्राप्त हुने व्याज रकमबाट उपलब्ध गराइदै आएको छ।

कुनै पनि परिस्थितिमा कोषको साँवा रमक चलाउन नपाइने व्यवस्थासहितको कार्यविधि महासंघको साधारणसभाबाट पारित भई लागू भएको छ। कार्यविधिमा घाइते रोगीको वर्गीकरणसहित सुविधा बारे स्पष्ट व्यवस्था गरिएको छ। कार्यविधिमा उल्लेख गरेभन्दा बढी सुविधा कसैलाई दिन नपाइने यदि दिनु पर्ने परिस्थितिमा महासंघको अन्य स्रोतबाट दिने व्यवस्था समेत गरिएको छ।


नेपाल पत्रकार महासंघ झापा
FEDERATION OF NEPALI JOURNALISTS (FNJ) JHAPA
सम्मान–पत्र


नेपाल पत्रकार महासंघ झापा

पत्रकार महासंघ झापालाई विशेष सहयोग/योगदान पुऱ्याउने पूर्वमुख्यमन्त्रीहरु **मा. हिक्मत कार्की र मा. उद्धव थापा**लाई सम्मान प्रदान गर्दै ।























पत्रकार








पत्रकार




पत्रकार
















पत्रकार सहारा उपचार कोष
अन्तराष्ट्रिय झापाली समाज
International Jhapali Society
Federation of Nepali Journalists, Jhapa
Rs. Two Lakh Only.
Patrakar Sahara Upachar Kosh
2,00,000/-




















































पत्रकार सहारा


पत्रकार सहारा


पत्रकार सहारा


पत्रकार सहारा


पत्रकार सहारा






पत्रकार सहारा

### झापामा श्रमजीवी पत्रकार लागि एक करोड ११ लाखको कोष

# जन्मदेखि मृत्युपछिसम्म पत्रकार र परिवारको सहारा

नागरिकलाई सुसूचित गर्ने, चेतना अभिवृद्धि गर्ने कार्यमा पत्रकारले निर्वाह गर्दै आएको भूमिका महत्वपूर्ण रही आएको छ। पत्रकारले पत्रकारिताका माध्यमबाट गर्ने कार्यले समाज विकास र रुपान्तरणमा योगदान पुग्दै आएको छ। त्यही भएरै नेपोलियन बोनापार्टले भनेका छन्- 'पत्रकार गुनासोकर्ता, आलोचक, सल्लाहकार, वादशाहका प्रतिनिधि र राष्ट्रका शिक्षक हुन्। पत्रकारिता गर्ने शिलशिलामा पत्रकारले धेरै जोखिम र चुनौतिको सामना गर्दै आउनु परेको छ। चौबिसै घण्टा पत्रकारितामा समर्पित भए पनि बिहान-बेलुका हातमुख जोर्न समस्या भइरहनुले नेपाली पत्रकारिताको उपहास भएको छ। यस्तो अवस्थामा पत्रकारितामा आफूलाई टिकाइ राख्न नसकेपछि धेरै पत्रकारहरु पेशाबाट पलायन भएका छन्। आजको विकसित समयमा पत्रकारका लागि झन धेरै चुनौति छन्।

पत्रकारले सामना गरिरहेका धेरै चुनौतिमध्ये आर्थिक संकट र पेशागत असुरक्षा नै प्रमुख हुन्। पेशागत असुरक्षामा पनि भौतिकसँगै आर्थिक सुरक्षाको कुरा उत्तिकै महत्वपूर्ण छ। कामको शिलशिलामा घाइते वा मृत्यु भएका पत्रकार तथा परिवारका लागि औषधोपचार, बीमा वा अन्य सुविधा दिन सञ्चारमाध्यम तयार छैनन्,सक्षम छैनन्। यो सँगै पत्रकारको जागिरको सुरक्षा आज ठूलो चुनौति हो। सुत्केरी विदामा बसेका धेरै जना महिला पत्रकारहरु पुनः कार्यालय जाँदा जागिर नपाएका घटना धेरै छन्। जीवनभर पत्रकारिता गरेर वृद्ध अवस्थामा अझ बढी आवश्यक पर्ने औषधोपचारमा खर्च जुटाउन धेरै पत्रकारलाई समस्या भएको छ। नेपाली पत्रकारहरुको यो यथार्थ भोगाइका बीचमा उनीहरुको सामाजिक सुरक्षालाई प्राथमिकताका साथ ग्यारेन्टी गर्नु अहिलेको आवश्यकता हो भन्ने हामीले महशुस गऱ्यौं। दिगो सोच र दृढ संकल्पका साथ अघि बढ्दा पत्रकारको सामाजिक सुरक्षाका लागि झापामा हामीले केही उपलब्धि हासिल गऱ्यौं।

जोखिम मोलेर सञ्चारकर्ममा समर्पित हुँदै आएका श्रमजीवी पत्रकारहरुको सामाजिक सुरक्षा चुनौतिपूर्ण रहेका बेला झापाली पत्रकारहरुको साझा छाता संस्था नेपाल पत्रकार महासंघ झापाले पत्रकार सहारा उपचार कोषको स्थापना गऱ्यो। ०८१ वैशाख ३ गते बिर्तामोडमा विशेष कार्यक्रमकावीच कोषमा एक करोड ११ लाख ११ हजार एक सय ११ रुपैयाँ जम्मा भएको घोषणा गरियो। कोषको व्याजबाट पत्रकारहरु घाइते, बिरामी हुँदा होस् या त महिला पत्रकारलाई सुत्केरी अवस्था उपचार सहयोग गरिदै आएको छ। ज्येष्ठ पत्रकारलाई औषधोपचारवापत वार्षिक रुपमा एकमुष्ठ वृत्ति रकम होस् या त पत्रकारको परिवारमा हुने मरिमराउमा सरहेमा सहयोग गरिदै आएको छ। महासंघका सदस्य पत्रकारको निधनपछि आश्रित परिवारले कोषबाट एक लाख रुपैयाँसम्म सहयोग पाउन थालेका छन्। जन्मदेखि मृत्युपछिसम्म पत्रकार र परिवारको सहारा बन्न थालेको छ -झापामा श्रमजीवी पत्रकारको सामाजिक सुरक्षाका लागि स्थापित पत्रकार सहारा उपचार कोष।

**कसरी जुट्यो यो रकम ?**

पत्रकार सहारा उपचार कोष घोषणा गर्दैगर्दा यसको मुख्य श्रेय सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.लाई जान्छ। अहिले मुलुककै ठूलो र उत्कृष्ट बनेको यस संस्थाले कोष स्थापनामा भूमिका निर्वाहदेखि विभिन्न चरणमा यस कोषका लागि १३ लाख बढी रकम प्रदान गरेको छ। यस संस्थामा आबद्ध सञ्चालक, सदस्य तथा कर्मचारीले समेत व्यक्तिगत रुपमा उल्लेख्य रकम योगदान गरेका छन्। यतिले मात्र हाम्रो लक्ष्य पुग्ने अवस्था थिएन। समाजसँग सञ्चारको अन्योन्याश्रित सम्बन्ध हुन्छ। सामाजिक अभियन्ता, उद्योगी, व्यवसायी सञ्चार क्षेत्रका नजिकका सहयोगी हुन्। यही सम्बन्धको उपयोग गर्दै समाजका विभिन्न क्षेत्रमा रहेका नागरिकलाई हामीले कोषको आवश्यकता र महत्व बुझाउँदै सहयोगका लागि उत्प्रेरित गऱ्यौं। कसैले परिवारका सदस्यको जन्मोत्सवमा, कसैले विवाह उत्सवमा त कसैले आफ्ना पितृको स्मृतिमा समेत रकम प्रदान गर्नुभयो। संघ-संस्थाहरुले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत कोषलाई सहयोग पुऱ्याउनु भयो। यही अभियानको निरन्तरताले हामी लक्ष्यमा पुग्यौं।

नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको समुपस्थितिमा कोषमा एक करोड ११ लाख ११ हजार एक सय ११ रुपैयाँ जम्मा भएको घोषणा गरियो। सोही समारोहमा कोषका दाताहरुलाई संस्थापक घोषणा गरियो। १५० जना पत्रकारहरुले समेत कोषमा जनही तीन हजार बढी रकम योगदान गरेका छन्। पत्रकार महासंघको अभियानप्रतिको सकारात्मक सोच, सबै क्षेत्रको उदात्त सहयोग र समर्पणबाट नै पत्रकारहरुको दीगो हितमा यो कार्य सम्भव भएको हो।

**कोष स्थापनाको औचित्य**

१. पत्रकारिता (सञ्चार) कर्ममा रहेका समयमा दुर्घटना भई घाइते भएका, गम्भीर तथा दीर्घ रोग लागेका पत्रकारको उपचारमा सहयोग पुऱ्याउने।

२. पत्रकारिता गर्ने क्रममा तथा कालगति वा कुनै रोगका कारण निधन भएका पत्रकारका आश्रितहरुलाई सहयोग गर्ने ।
३. कुनै आन्दोलन वा द्वन्द्वमा परी घाइते, अङ्गभङ्ग भएका पत्रकारलाई औषधी तथा उपचार खर्चमा सहयोग पुऱ्याउने ।
४. कुनै विपत्ति, भवितब्य वा दुर्घटनामा परी घाइते, अङ्गभङ्ग हुने पत्रकारलाई सहायता उपलब्ध गराउने ।
५. पत्रकारको श्रीमती वा सन्तानलाई गम्भीर प्रकृतिको कुनै रोग (मुटु, मृगौला सम्बन्धी समस्या, क्यान्सर, एड्स, मस्तिष्क पक्षघात, दुर्घटनामा पुगेको शारीरीक क्षति) लागेर उपचार सहयोग मागेमा सहयोग गर्ने ।
६. कोषको साँवा रकमको बढोत्तरी र ब्याज आम्दानी थपिदैं गएसँगै पत्रकारका लागि दुर्घटना/स्वास्थ्य/जीवन विमा तथा अन्य सामाजिक सुरक्षा कार्यक्रमको योजना बनाई कार्यान्वयन गर्ने ।

**कस्तो अवस्थामा कति सहयोग पाइन्छ ?**

सामान्यतया उपचार कोषबाट सहायता पाउन, सञ्चालक समितिको नाममा महासंघ झापा शाखाको कार्यालयमा निवेदन दिनुपर्नेछ। पत्रकार हरुले यस कोषबाट पाउने सेवा सम्वन्धी विस्तृत व्यवस्था कार्यविधिमा गरिएको छ ।

१. घाइते वा रोगी पत्रकारको अवस्थालाई वर्गीकरण गरी औषधी र उपचार खर्चमा सहयोग गर्ने व्यवस्था छ । पत्रकारले उपचार वापत अधिकतम् रु. ५०,०००/-सम्म सहयोग गर्ने व्यवस्था कार्यविधिमार्फत गरिएको छ। दुर्घटनामा परेर पत्रकार अङ्गभङ्ग भई काम गर्न नसक्ने अवस्था भएमा त्यस्ता पत्रकारको पारिवारिक अवस्था हेरी संचालक समितिले कार्य समितिलाई थप सहयोगका लागि बिशेष सिफारिस गर्न सक्नेछ। कार्य समितिले अनुमोदन गरेपछिमात्र त्यस्तो सहयोग उपलब्ध हुनेछ। कुनै पनि समस्यामा बीमा र तेस्रो पक्षले भुक्तानी गर्ने अवस्थामा भने कार्यविधिको सीमाभित्र रहेर मात्र सहयोग उपलब्ध हुनेछ।
२. पत्रकारिता कर्म गर्दागर्दै दुर्घटना, द्वन्द्व ,आन्दोलनमा परी वा बिरामी भई वा कालगतिले महासंघका सदस्य कुनै पत्रकारको मृत्यु हुनगएमा आश्रित परिवारलाई परिवारको अवस्था हेरी अधिकतम् एक लाख रुपैयाँसम्म आर्थिक सहयोग उपलब्ध हुनेछ।
३. गम्भीर प्रकृतिको रोग लागेको वा दुर्घटनामा परेर कुनै बिरामी पत्रकारको स्वेदशमा उपचार हुननसक्ने अवस्था भएको प्रमाणित भएमा त्यस्ता विरामीलाई एकमुष्ट ५० हजारसम्म सहयोग उपलब्ध हुनेछ।
४. कुनै पत्रकारको मृत्यु भएपछि निजका नजिकका आश्रित परिवार पनि नरहेको अवस्थामा त्यस्ता पत्रकारको काजक्रिया खर्च महासंघले कोषको व्याज रकमबाट अधिकतम् ३० हजार सहयोग उपलब्ध हुनेछ।
५.आर्थिक अवस्था कमजोर रहेको तथा कुनै समस्याले ग्रसीत भइ कुनै पत्रकार वा लामो समय पत्रकारितामा व्यतित गरेर अवकासमा रहेकाले निवेदन दिएमा सञ्चालक समितिले अधिकतम् रु. २५ हजारको सीमाभित्र आर्थिक सहयोग उपलब्ध हुनेछ।
६. गर्भवती महिला पत्रकारले आफ्नो उपचारको लागि वा सुत्केरी भएको अवस्थामा माग गरेको खण्डमा अधिकतम् रु. २५ हजारसम्म रुपैयाँ तत्कालै उपलब्ध गराइनेछ। तर यो रकम महिला पत्रकारको हकमा वढीमा दुई पटकसम्म उपलब्ध गराइनेछ।
७. पत्रकार महासंघका सदस्यको परिवारमा हुने मरिमराउमा समवेदना पत्रसहित शरहेबापत रु.११ हजार नगद प्रदान गरिने छ। शरहेबापत नगद प्रदानका लागि परिवार भन्नाले पत्रकार महासंघका सदस्यका बुवा, आमा, श्रीमति र छोरा छोरी मात्र बुझिने छ।
८. पत्रकार महासंघका सदस्य बिमारी भई स्वास्थ्यलाभको कामना गर्न जाँदा (उपचार खर्च दिनु नपर्ने अवस्थामा) अधिकतम् रु.३५००सम्मको पौष्टिक खानेकुरा उपलब्ध गराइने छ।
९. पत्रकारको श्रीमती वा सन्तानलाई गम्भीर प्रकृतिको कुनै रोग लागेर उपचार सहयोग मागेमा सहयोग उपलब्ध हुनेछ। यो सहयोगको सीमा अधिकतम १५ हजार रुपैयाँ हुने व्यवस्था छ।
१०. पत्रकार महासंघको सदस्य नरहेका तर पत्रकारितामा क्रियाशील कोही पत्रकारलाई गम्भीर प्रकृतिको कुनै रोग लागेर उपचार सहयोग मागेमा सहयोग उपलब्ध हुनेछ। यो सहयोगको सीमा अधिकतम १५ हजार रुपैयाँ हुने व्यवस्था छ।
११. झापा बाहिरको हकमा पेशामा क्रियाशील विभिन्न जिल्लाका पत्रकारहरुमध्ये गम्भीर प्रकृतिको दुर्घटनामा परेको,गम्भीर रोग लागेर उपचार गर्नु पर्ने अवस्थामा महासंघ केन्द्र, प्रदेश तथा जिल्ला शाखाहरुले सहयोगका लागि सार्वजनिक अपिल गरेको अवस्थामा अधिकतम् १५ हजार रुपैयाँ सहयोग सहयोग उपलब्ध हुनेछ।

**ज्येष्ठ पत्रकार वृत्ति**

महासंघ झापाले ज्येष्ठ पत्रकारहरुलाई औषधि सेवन तथा पौष्टिक खाद्यान्नमा सहयोग पुर्‍याउन वार्षिक रुपमा एकमुष्ट रकम सहयोग गर्न थालेको छ। वार्षिक वृत्ति प्रदान गर्ने कार्यको ०८१ वैशाख १७ गते सुरुवात गरिएको छ। ६५ वर्ष माथिका पत्रकारहरुलाई दीर्घ सेवा सम्मानसहित वृत्ति रकम प्रदान गरिएको थियो । यस वर्ष १८ जना पत्रकारहरुलाई वृत्ति रकम प्रदान गरियो भने यो कार्य वार्षिक रुपमा नियमित हुने छ। ६५ देखि ७५ वर्ष उमेर समूहका ज्येष्ठ पत्रकारलाई वार्षिक रु.१५,०००।- र ७६ वर्ष भन्दा बढी उमेर समूहका ज्येष्ठ पत्रकारलाई वार्षिक रु.२०,०००।- प्रदान गरिन थालेको छ। कोषबाट यी सुविधा महासंघका सदस्य पत्रकारलाई मात्र उपलब्ध हुनेछ।

महासंघ झापाका अध्यक्षको संयोजकत्वमा कोषको छुट्टै सञ्चालक समिति र सल्लाहकार समितिमार्फत कोषलाई व्यवस्थित ढंगले सञ्चालन गरिदै आएको छ। यस कोषबाट झापाका मात्र नभएर धेरथोर देशभरकै पत्रकार लाभान्वित भइरहेका छन्।

नेपाल पत्रकार महासंघ केन्द्रमा भएको कोष वृद्धि गर्नु आवश्यक छ , अहिले दिइदै आएको उपचार खर्च रकममा वृद्धि गर्नु जरुरी छ। यस्तो कोष हरेक शाखामा स्थापना भएदेखि श्रमजीवी पत्रकारहरुको सामाजिक सुरक्षामा टेवा पुग्ने थियो । महासंघ केन्द्रीय समितिले आवश्यक समन्वय र उत्प्रेरणाका लागि केही प्रयास गरे अझ राम्रो हुने थियो ।














पत्रकार सहारा






































करोड

करोड
घोषणा






नेपाल पत्रकार महासंघ झापा
पत्रकार सहारा उपचार कोष









# पत्रकार सहारा उपचार कोषका सहयोग दाताहरुको विवरण

| क्र.सं. | कोषका संस्थापक दाताहरुको नाम | ठेगाना |
|---|---|---|
| १ | साहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. | बिर्तामोड २ चारपाने |
| २ | अर्जुनधारा नगरपालिका | शनिश्चरे |
| ३ | जयनारायण ढुंगाना/अञ्जना ढुंगाना | बिर्तामोड |
| ४ | अन्तर्राष्ट्रिय झापाली समाज | |
| ५ | महेन्द्रकुमार गिरी | बिर्तामोड |
| ६ | गौरादह नगरपालिका | गौरादह |
| ७ | झापा गाउँपालिका | टाघनडुब्बा |
| ८ | महेन्द्र चम्लागाई | बाह्रदशी, हाल कतार |
| ९ | मोहन ढकाल/शीला ढकाल | बिर्तामोड |
| १० | नारायण राजवंशी /फुलन राजवंशी | चारपाने |
| ११ | प्रदीप मित्तल | विर्तामोड |
| १२ | गणेशप्रसाद खनाल/मधु खनाल | बिर्तामोड |
| १३ | डिल्लीराम सिटौला | बिर्तामोड |
| १४ | झापा गोल्ड कप | बिर्तामोड |
| १५ | गोपालबहादुर थापा/प्रमिला थापा | भद्रपुर |
| १६ | ओमकृष्ण विमली/ पार्वता विमली | विर्तामोड |
| १७ | निर्मल भट्टराई | विर्तामोड |
| १८ | मानवहादुर गिरी /कृष्ण गिरी | बिर्तामोड |
| १९ | नेपाल सामुदायिक विकास केन्द्र | भद्रपुर |
| २० | राजकुमार/मीना पोखरेल | विर्तामोड |
| २१ | चिरञ्जीवी उप्रेती | कनकाई |
| २२ | केदार गिरी | विर्तामोड |
| २३ | एक्सेल डेभलपमेन्ट वैंक लि | विर्तामोड |
| २४ | रजनीश करनानी | बिर्तामोड |
| २५ | बिनोद बस्नेत | बिर्तामोड |
| २६ | प्रकाश शिवाकोटी | बिर्तामोड |
| २७ | भद्रपुर नगरपालिका | भद्रपुर |
| २८ | दमक नगरपालिका | दमक |
| २९ | रोनक वंशल | बिर्तामोड |
| ३० | दीपेश ढकाल | भद्रपुर |
| ३१ | कुमारमणि पोखरेल | कनकाई, दुर्गापुर |

| | | |
|---|---|---|
| ३२ | यामकुमार खड्का | बिर्तामोड |
| ३३ | सहारा नेपाल कर्मचारी परिवार | बिर्तामोड |
| ३४ | बाह्रदशी गाउँपालिका | चकचकी |
| ३५ | मेची पेट्रोलियम डिलर्स एसोसिएसन | बिर्तामोड |
| ३६ | गौरीगञ्ज गाउँपालिका | गौरीगञ्ज |
| ३७ | साहित्य चौतारी (देवीभक्त श्रेष्ठ) | विर्तामोड |
| ३८ | रामकुमार कन्दङ्वा | बिर्तामोड |
| ३९ | जयन्द्र प्रसाई साहित्य सेवा कोष | विर्तामोड |
| ४० | कञ्चनजंघा अंग्रेजी मा. वि | विर्तामोड |
| ४१ | हर्कलाल गिरी | बिर्तामोड |
| ४२ | कुमार भट्टराई | बिर्तामोड |
| ४३ | सिम्रिक वचत तथा ऋण सहकारी संस्था | विर्तामोड |
| ४४ | मेची नेत्रालय | काकरभिट्टा |
| ४५ | न्युटन्स एजुकेशन एकेडेमी | विर्तामोड |
| ४६ | दीपक गिरी/पुजा गिरी | बिर्तामोड |
| ४७ | विपिन वजगाई | विर्तामोड |
| ४८ | ओमभक्त प्रसाई/दीपा प्रसाई | विर्तामोड |
| ४९ | श्याम प्रसाई | मेचीनगर |
| ५० | एकराज गिरी | बिर्तामोड |
| ५१ | कर्णाली वचत तथा ऋण सहकारी संस्था लि. | विर्तामोड |
| ५२ | विनोद पाण्डे कमल | विर्तामोड |
| ५३ | केशवराज ओली | कनकाई |
| ५४ | तारा बराल | बुद्धशान्ति |
| ५५ | कचनकवल गाउँपालिका | कचनकवल |
| ५६ | भरतकुमार गिरी | चारपाने |
| ५७ | कुमार गिरी | बिर्तामोड,चारपाने |
| ५८ | जलकुमार गुरुङ | बिर्तामोड |
| ५९ | मेघराज बाँस्तोला | बिर्तामोड |
| ६० | मोहन पोखरेल/टीकादेवी पौडेल | बिर्तामोड |
| ६१ | शिखर वचत तथा ऋण सहकारी संस्था लि. | विर्तामोड |
| ६२ | धनबहादुर पोखरेल | बिर्तामोड |
| ६३ | डा. लक्ष्मी मैनाली | बिर्तामोड |
| ६४ | चन्द्रकान्त ढकाल | बिर्तामोड |
| ६५ | डिल्लिराम प्रसाई | बिर्तामोड |
| ६६ | बिर्तामोड एजुकेशन फाउण्डेशन | बिर्तामोड |

| | | |
|---|---|---|
| ६७ | नरेन्द्र ढकाल | बिर्तामोड |
| ६८ | गोपाल गिरी/निरकुमार गिरी | भद्रपुर |
| ६९ | संजीव चापागाई | बिर्तामोड |
| ७० | खगेन्द्र खरेल | विर्तामोड |
| ७१ | सिजर राजभण्डारी /वर्षा राजभण्डारी | विर्तामोड |
| ७२ | सरोज ओली | अर्जुनधारा, शनिश्चरे |
| ७३ | रमेश पोखरेल/बिमलादेवी पोखरेल | भद्रपुर |
| ७४ | मातृभूमि भलाइ एण्ड इनभेष्टमेन्ट प्रा.लि. | बिर्तामोड |
| ७५ | शीला उप्रेती (बोजु) | बिर्तामोड |
| ७६ | कृष्णप्रसाद उप्रेती | मेचीनगर |
| ७७ | हरिप्रसाद लामिछाने | मोरङ |
| ७८ | सुरेश भद्रपुरे | बिर्तामोड |
| ७९ | सुसन ट्रेडर्स (नेत्र नेपाल /खगेन्द्र प्रसाई) | कनकाई ८ लक्ष्मीपुर |
| ८० | निषेश चापागाई | काठमाडौं |
| ८१ | मोहन मित्तल | बिर्तामोड |
| ८२ | सुरेश वंशल | बिर्तामोड |
| ८३ | रुद्र गौरी श्री अम्बिका ओली प्रतिष्ठान | भद्रपुर |
| ८४ | गजेन्द्र पौडेल | विर्तामोड |
| ८५ | आकाशगंगा सहकारी संस्था | विर्तामोड |
| ८६ | सुर्योदय टेलिभिजन | विर्तामोड |
| ८७ | गोपाल सापकोटा/ उर्मिला सापकोटा | मेचीनगर |
| ८८ | बिर्तामोड आंखा अस्पताल | विर्तामोड |
| ८९ | सुरेन्द्र मित्तल, सपना मित्तल | बिर्तामोड |
| ९० | यसोदा निरौला स्मृति प्रतिष्ठान | अर्जुनधारा |
| ९१ | साना मझौला व्यवसायी साकोस | विर्तामोड |
| ९२ | भानु शिवाकोटी | विर्तामोड |
| ९३ | बेदप्रकाश अग्रवाल | बिर्तामोड |
| ९४ | उमेश डालमिया | बिर्तामोड |
| ९५ | पदमकुमार बुढाथोकी | बिर्तामोड |
| ९६ | सञ्जीवनी साकोस | बिर्तामोड |
| ९७ | बिर्ता आयुर्वेद एण्ड फिजियो थेरापी सेन्टर | बिर्तामोड |
| ९८ | लक्ष्मण ढकाल/दुर्गा ढकाल | बिर्तामोड |
| ९९ | सुनकोशी वचत तथा ऋण सहकारी संस्था लि. | बिर्तामोड |
| १०० | वीरता जेसीज | बिर्तामोड |
| १०१ | होमप्रकाश अधिकारी | अर्जुनधारा |

| | | |
|---|---|---|
| १०२ | कबिन्द्र रेग्मी | बिर्तामोड |
| १०३ | प्रवीन अग्रवाल | बिर्तामोड |
| १०४ | जेभ्राक्स निर्माण समिति (नयाँ वजार) | बिर्तामोड |
| १०५ | महेन्द्र पोखरेल | बिर्तामोड |
| १०५ | आवर डोस्टीनी सर्भिस राजन सिटौला | बिर्तामोड |
| १०७ | सजिलो वचत तथा ऋण सहकारी संस्था लि. | विर्तामोड |
| १०८ | टावर टेम्पल स्कुल | विर्तामोड |
| १०९ | ग्लोबल कृषि सहकारी संस्था लि. | विर्तामोड |
| ११० | भगिरथ पोद्दार | विर्तामोड |
| १११ | रञ्जित प्रसाईं | बिर्तामोड |
| ११२ | कृपा गुरागाईं | कनकाई |
| ११३ | रामप्रसाद दुलाल | बाह्रदशी |
| ११४ | वीरता लेडी जेसीज | विर्तामोड |
| ११५ | सन्तोष तामाङ | अर्जुनधारा |
| ११६ | रिपेश पुडासैनी नेतृत्वको युवा समुहमा संकलित | विर्तामोड |
| ११७ | हरि प्रसाईं | विर्तामोड |
| ११८ | पशुपति एकाडेमी | झिलझिले, शिवसताक्षी |
| ११९ | तनुजा शर्मा | बिर्तामोड |
| १२० | कल्भर्ट निर्माण समिति | विर्तामोड ९ |
| १२१ | द्रोण अधिकारी | भद्रपुर |
| १२२ | ख्याम ओली | सुरुङ्गा |
| १२३ | एल सी श्रेष्ठ (लोकचन्द्र) | बिर्तामोड |
| १२४ | पं. लक्ष्मीप्रसाद खतिवडा | अर्जुनधारा |
| १२५ | मनिषा चम्लागाई | अर्जुनधारा |
| १२६ | सागर रिजाल | बिर्तामोड |
| १२७ | मंगलसेवा समिति | इटाभट्टा |
| १२८ | शिवकुमार अग्रवाल | विर्तामोड |
| १२९ | नेपाल अटोमेकानिक संघ | विर्तामोड |
| १३० | कृष्ण हुमागाईं | बिर्तामोड |
| १३१ | कमन देवान | दमक |
| १३२ | रञ्जित परियार | अर्जुनधारा |

# पत्रकार सहारा उपचार कोषमा न्यूनतम् रु. ३००० रकम योगदान गर्ने पत्रकारहरु (कोषका संस्थापक दाता पत्रकारहरु)

| क्र.सं. | नाम |
|---|---|
| १ | एकराज गरी |
| २ | रञ्जित परियार |
| ३ | इन्दिरा बराल |
| ४ | चिन्तामणि दाहाल |
| ५ | रमेश समदर्शी राई |
| ६ | शिरो सान्दाई खतिवडा |
| ७ | तुलसीप्रसाद निरौला |
| ८ | होमप्रकाश अधिकारी |
| ९ | क्मलप्रसाद पाण्डे बिनोद |
| १० | पूर्णबहादुर कटुवाल |
| ११ | स्वस्तिका आचार्य |
| १२ | सुरेन्द्र भण्डारी |
| १३ | वेदप्रकाश हुमागाई |
| १४ | पंकज शर्मा |
| १५ | लक्ष्मी काफ्ले |
| १६ | शान्तिराम बस्नेत |
| १७ | योगेन्द्र पौडेल |
| १८ | भारती राई |
| १९ | मनकुमार शर्मा |
| २० | दिपेन्द्र कार्की |
| २१ | सन्तोष आचार्य |
| २२ | केशव भट्टराई |
| २३ | कुमार भट्टराई |
| २४ | नरेन्द्र ढकाल |
| २५ | सन्तोष अधिकारी |
| २६ | लक्ष्मण ढकाल |
| २७ | दिपेन्द्र भट्टराई |
| २८ | पुष्प बराल |
| २९ | रश्मिशेखर सुवेदी |
| ३० | गोपाल गिरी |
| ३१ | सुष्मा राजवंशी |
| ३२ | उद्धव पुरी |
| ३३ | पुष्पलाल खड्का |
| ३४ | कृष्ण हुमागाँई |
| ३५ | बिनोद सापकोटा |
| ३६ | एमानाथ भण्डारी |
| ३७ | रेजिना गौतम रोदन |
| ३८ | इन्दू गौतम पूर्वेली |
| ३९ | रेवतीराज घिमिरे |
| ४० | सन्तोष अग्रवाल |
| ४१ | सन्तोष शर्मा |
| ४२ | राजबाबु शंकर |
| ४३ | उत्तम नेपाल |
| ४४ | भीमा कुमारी शिवाकोटी |
| ४५ | पार्थ मण्डल |
| ४६ | दिपक अधिकारी |
| ४७ | किशोर उपरकोटी |
| ४८ | विमल लामिछाने बुद्धि |
| ४९ | डण्डीराज घिमिरे |
| ५० | छविलाल दवाडी |
| ५१ | ऋमितकुमार साम्पाङ |
| ५२ | सरोजकुमार भट्टराई |
| ५३ | तलु बास्के |
| ५४ | राजेन्द्र गौतम |
| ५५ | रञ्जित प्रसाई |
| ५६ | सुशीला संग्रौला |
| ५७ | राजन साम्पाङ |
| ५८ | वीरबहादुर दर्नाल |
| ५९ | विश्व थापा |
| ६० | तरामणि सापकोटा |
| ६१ | तीर्थराज खरेल |
| ६२ | ग्णेशमान मुखिया |
| ६३ | इन्द्रजित मुखिया |
| ६४ | सौरभ मुखिया |
| ६५ | तीर्थ सिग्देल |
| ६६ | ईश्वर अधिकारी |
| ६७ | गोपाल काफ्ले |
| ६८ | सुनिरा मैनाली |
| ६९ | लक्ष्मीप्रसाद लुइँटेल |
| ७० | लेखनाथ शिवाकोटी |
| ७१ | द्रोर्ण अधिकारी |
| ७२ | सावित्रा दाहाल |
| ७३ | सञ्जु शिवाकोटी |
| ७४ | देबु बानिया |
| ७५ | धर्मेन्द्र मामा |
| ७६ | टीकामाया लामिछाने |
| ७७ | दिपीन राई दिपेन्द्र |
| ७८ | अर्जुन कार्की |
| ७९ | गिरिराज भट्टराई |
| ८० | विष्णु सुब्बा |
| ८१ | प्रदीप परियार |
| ८२ | प्रेम आचार्य |
| ८३ | भाष्कर शर्मा |
| ८४ | झुलन रेग्मी |
| ८५ | माधव खतिवडा कल्पित |
| ८६ | डिकेश लामा |
| ८७ | मुक्ति पौडेल |
| ८८ | क्मन देवान |
| ८९ | म्नोज बस्नेत |
| ९० | लीलाराज झापाली |
| ९१ | कृष्ण सिञ्जाली |
| ९२ | प्रकाश उप्रेती |
| ९३ | कृष्ण दाहाल |
| ९४ | राजु अधिकारी |
| ९५ | हिमालचन्द्र खरेल |

| | |
|---|---|
| ९६ | रामप्रसादनिरौला |
| ९७ | पुकारचन्द्र राजवंशी |
| ९८ | भीम नेम्वाङ |
| ९९ | विगम श्रेष्ठ |
| १०० | अनिल ढुंगाना |
| १०१ | चन्द्र भण्डारी |
| १०२ | दीपेन्द्र पौडेल |
| १०३ | लीलाप्रसाद बराल |
| १०४ | रुमा राजवंशी |
| १०५ | अर्जुन राजवंशी |
| १०६ | उमाकान्त खनाल |
| १०७ | सिर्जना घिमिरे |
| १०८ | अनिलदेव राई |
| १०९ | भवानी क्षेत्री |
| ११० | कृष्ण कार्की |
| १११ | रत्नबहादुर बस्नेत |
| ११२ | रोहित काफ्ले |
| ११३ | गंगा बराल |
| ११४ | शान्तिराम नेपाल -शान) |
| ११५ | गेविन्द चन्द छेत्री |
| ११६ | छविराज ढकाल |
| ११७ | दयाराम दाहाल |

| | |
|---|---|
| ११८ | निर्मला तिम्सिना |
| ११९ | आत्माराम राजवंशी |
| १२० | गोपाल झापाली |
| १२१ | डिल्लीराम घोसाई |
| १२२ | दिपेशकुमार पनेरु |
| १२३ | शान्ति सुब्बा |
| १२४ | जीएन शर्मा |
| १२५ | लक्ष्मी उप्रेती |
| १२६ | भूपाल लुईंटेल |
| १२७ | नारायण अर्याल |
| १२८ | पर्वत पोर्तेल |
| १२९ | नरेश खाती |
| १३० | एञ्जिला काफ्ले |
| १३१ | रोशन भट्टराई |
| १३२ | तिलक तामाङ योञ्जन |
| १३३ | मिनप्रकाश उप्रेती |
| १३४ | अनुषा चुडाल |
| १३५ | ज्ञानेन्द्र निरौला |
| १३६ | विष्णुप्रसाद पौडेल |
| १३८ | चुडामणि तिम्सिना |
| १३९ | आनन्द गुरुङ |
| १४० | विष्णुप्रसाद लामिछाने |

| | |
|---|---|
| १४१ | डिल्लीश्वर मुसाहाङ लिम्बू |
| १४२ | राजु पोखरेल |
| १४३ | दीपक ढुंगाना |
| १४४ | पंकज दाहाल |
| १४५ | दिपेश राजवंशी |
| १४६ | भरतराज प्रसाईं |
| १४७ | निराजन निरौला |
| १४८ | विष्णु श्रेष्ठ |
| १४९ | समिर कट्टेल |
| १५० | उमेश खतिवडा |
| १५१ | सुरेश आले मगर |
| १५२ | सन्तोष न्यौपाने |
| १५३ | विन्दु अधिकारी |
| १५४ | गोपाल अधिकारी |
| १५५ | मनोज तिवारी |
| १५६ | पर्वत तामाङ |
| १५७ | दिनेश दंगाल |
| १५८ | जीवन चुडाल |
| १५९ | एकराज प्रधान |
| १६० | राजेन्द्र चौलागाई |
| १६१ | सुजन प्रधान |
| १६२ | आनन्द गुरुङ |




भद्रपुरस्थित महासंघको भवन ।

# ज्येष्ठ पत्रकार वृत्ति प्राप्त गर्ने पत्रकारहरुको विवरण

| क्र.सं. | नाम | ठेगाना | उमेर | उमेर | वर्ष | रकम | वर्ष | रकम | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | गोविन्द्रचन्द क्षेत्री | भद्रपुर | ८० | ८० | २०८० | २०,००० | २०८१ | २०,००० | ४०,००० |
| २ | नकुल काजी | भद्रपुर | ८० | ८० | २०८० | २०,००० | २०८१ | | २०,००० |
| ३ | चिन्तामणि दाहाल | भद्रपुर | ७२ | ७२ | २०८० | १५,००० | २०८१ | १५,००० | ३०,००० |
| ४ | नेत्र पाठक | बिर्तामोड | ७२ | ७२ | २०८० | १५,००० | २०८१ | स्वर्गीय | १५,००० |
| ५ | शिरो सान्दाइ | बिर्तामोड | ७१ | ७१ | २०८० | १५,००० | २०८१ | १५,००० | ३०,००० |
| ६ | कृष्ण दाहाल | भद्रपुर | ७१ | ७१ | २०८० | १५,००० | २०८१ | | १५,००० |
| ७ | केशव आचार्य | बिर्तामोड | ७० | ७० | २०८० | १५,००० | २०८१ | १५,००० | ३०,००० |
| ८ | गञ्जबहादुर दाहाल | दमक | ६९ | ६९ | २०८० | १५,००० | २०८१ | १५,००० | ३०,००० |
| ९ | विष्णुकुमार भट्टराई | अर्जुनधारा | ७५ | ७५ | २०८० | १५,००० | २०८१ | १५,००० | ३०,००० |
| १० | लक्ष्मी लुइँटेल | बिर्तामोड | ६८ | ६८ | २०८० | १५,००० | २०८१ | १५,००० | ३०,००० |
| ११ | चन्द्र भण्डारी | मेचीनगर | ६७ | ६७ | २०८० | १५,००० | २०८१ | १५,००० | ३०,००० |
| १२ | लक्ष्मण ढकाल | बिर्तामोड | ६७ | ६७ | २०८० | १५,००० | २०८१ | १५,००० | ३०,००० |
| १३ | लेखनाथ भट्टराई | अर्जुनधारा | ६६ | ६६ | २०८० | १५,००० | २०८१ | | १५,००० |
| १४ | चुडामणि वशिष्ठ | भद्रपुर | ६६ | ६६ | २०८० | १५,००० | २०८१ | १५,००० | ३०,००० |
| १५ | लेखनाथ परदेशी | हल्दिबारी | ६६ | ६६ | २०८० | १५,००० | २०८१ | १५,००० | ३०,००० |
| १६ | लिला बराल | बिर्तामोड | ६५ | ६५ | २०८० | १५,००० | २०८१ | १५,००० | ३०,००० |
| १७ | गोपाल गिरी | भद्रपुर | ६५ | ६५ | २०८० | १५,००० | २०८१ | १५,००० | ३०,००० |
| | जम्मा | | | | | | | | ४६५००० |

पुनश्च: ज्येष्ठ पत्रकार वृति प्राप्त गर्न महासंघ झापा शाखाको सदस्य हुन अनिवार्य छ । विविध कारणले महासंघको सदस्यता कायम नरहेको र सदस्यता नवीकरण नगरेको अवस्थामा यो सुविधा उपलब्ध हुने छैन ।



















# पत्रकार सहारा उपचार कोषबाट सहयोग (उपचार, सरहे, परिवार राहत) पाउने पत्रकारको नामावली (२०७८-२०८१)

| क्र.सं. | नाम | रकम | कै. |
|---|---|---|---|
| १ | नरेन्द्रकुमार ढकाल | २०,०००।- | कोभिड (आईसियू) |
| २ | रञ्जित परियार | २०,०००।- | शल्यक्रिया |
| ३ | जीएन शर्मा | १५,०००।- | लिभर सिरोसिस |
| ४ | दिपेशकुमार पनेरु | १५,०००।- | शल्यक्रिया |
| ५ | लीलाराज झापाली | २०,०००।- | प्यानक्रियाज |
| ६ | उद्धव पुरी | १५,०००।- | शल्यक्रिया |
| ७ | माया पकुवाल | २५,०००।- | क्यान्सर |
| ८ | राजबाबु शंकर | १५,०००।- | दीर्घ रोग |
| ९ | यज्ञराज आङदेम्बे (बिष्णु सुब्बा) | २०,०००।- | शल्यक्रिया |
| १० | नेत्र पाठक (आन्तरिक स्रोत) | २५,०००।- | क्यान्सर |
| ११ | विनोद सापकोटा | २५,०००।- | शल्यक्रिया |
| १२ | आनन्द गुरुङ | २०,०००।- | |
| १३ | तुलसीप्रसाद निरौला | ३०,०००।- | शल्यक्रिया |
| १४ | नारायण अर्याल | २५,०००।- | शल्यक्रिया |
| १५ | अनुषा चुडाल | १५,०००।- | टाउकोमा गम्भीर समस्या |
| १६ | रञ्जित परियार | २५,०००।- | शल्यक्रिया |
| १७ | डिकेश लामा | २५,०००।- | शल्यक्रिया |
| १८ | सौरभ मुखिया | २५,०००।- | शल्यक्रिया |
| १९ | वेदप्रकाश हुमागाँई | २५,०००।- | शल्यक्रिया |
| २० | लीलाराज झापाली | २०,०००।- | प्यानक्रियाज |
| २१ | इन्दिरा गौतम (इन्दू) | २५,०००।- | सुत्केरी राहत |
| २२ | फणिदेव महत (आन्तरिक स्रोत) | १५,०००।- | क्यान्सर |
| २३ | सागर गौतम | ११,०००।- | सरहे |
| २४ | गोविन्द अधिकारी (गुलाफ) | २०,०००।- | लामो समय अस्पताल भर्ना |
| २५ | बिष्णु मैनाली | ११,०००।- | सरहे |
| २६ | कृष्ण हुमागाँई | २५,०००।- | शल्यक्रिया |
| २७ | धनमाया लामिछाने | २५,०००।- | सुत्केरी राहत |
| २८ | स्व. नेत्र पाठकको परिवारलाई | १,०००००।- | परिवार राहत |
| २९ | रीता दाहाल | २५,०००।- | सुत्केरी राहत |
| ३० | स्वस्तिका आचार्य | २५,०००।- | सुत्केरी राहत |
| ३१ | जिएन शर्मा | २५,०००।- | लिभर सरोसिस |
| ३२ | प्रकाश बानियाँ | २०,०००।- | शल्यक्रिया |
| ३३ | चिन्तामणि दाहाल | ५०,०००।- | शल्यक्रिया |
| ३४ | अम्बिका भण्डारी | ३५,०००।- | शल्यक्रिया |
| | जम्मा | ८३७०००।- | ८३७०००।- |







पत्रकार
उपचार कोष






नेपाल पत्रकार महासंघ झापा
पत्रकार सहारा उपचार कोष


करोड अक्षयकोष





























करोड अक्षयकोष

करोड अक्षयकोष

करोड अक्षयकोष




करोड अक्षयकोष

करोड अक्षयकोष

करोड अक्षयकोष



पत्रकार सहारा




पत्रकार सहारा


नेपाल




पत्रकार सहारा उपचार कोष
करोड अक्षयकोष
घोषणा तथा सम्मान समर्पण
स्तरोन्नति भवन समुद्घाटन
आयोजक
नेपाल पत्रकार महासंघ
झापा शाखा




नेपाल पत्रकार महासंघ झापा
पत्रकार सहारा उपचार कोष








नेपाल पत्रकार महासंघ


नेपाल पत्रकार महासंघ
झापा शाखा


नेपाल पत्रकार महासंघ

## झापामा पहिलोपटक

# मिडिया सम्मेलन




५ जेठ २०८१ शनिबार नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजना र कनकाई नगरपालिकाको सहकार्यत्रमा मिडिया सम्मेलन सम्पन्न भएको छ ।

संघीयतामा सञ्चार नीति, अवस्था र चुनौति विषयमा प्यानल बहस, डिजिटल पत्रकारिता बारे अन्तरक्रियात्मक प्रशिक्षण र विज्ञापन बारे अन्तरक्रियाका अलग अलग सेसन सञ्चालन भएको थियो ।

कोशी प्रदेशका विभिन्न जिल्लाबाट आमन्त्रित प्रतिनिधिसहित ३०० जनाको सहभागिता रहेको मिडिया सम्मेलनले सञ्चार नीतिमा उल्लेख भएअनुसार विकेन्द्रीत नीतिलाई कार्यान्वय गर्न माग गरेको छ ।

झापाको कनकाई नगरपालिकास्थित जामुनखाडी सीमसार तथा पर्यटकीय क्षेत्रमा आयोजना गरिएको मिडिया सम्मेलनको उद्घाटन प्रमुख अतिथि कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर मगरले गर्नुभएको थियो ।

नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय अध्यक्ष शिव गाउँलेले सहजीकरण गरेको संघीयतामा सञ्चारः नीति, अवस्था र चुनौतिका बिषयमा कोशी प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री लीलावल्भव अधिकारी, सूचना तथा प्रशारण बिभागका निमित्त महानिर्देशक भरत गौतम, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रिय अध्यक्ष धमेन्द्र झा, महासंघका बरिष्ठ उपाध्यक्ष रमेश बिष्ट, कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले प्यानलगत रुपमा छलफल गर्नुभएको थियो ।

त्यस्तै डिजिटल पत्रकारिता : अवसर र चुनौति बिषयमा बिज्ञ तथा कोलम्बिया विश्वविद्यालयका फेलो अरुण कार्कीले सहजीकरण गर्नुभएको थियो । पत्रकारिता र बिज्ञापनका बिषयमा बिज्ञापन बोर्ड नेपालका अध्यक्ष लक्ष्मण हुमागाँईले सहजीकरण गर्नुभएको थियो ।

नेपाल पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको मिडिया सम्मेलनमा नेपाल पत्रकार महासंघ कोशी प्रदेशका निवर्तमान अध्यक्ष बिक्रम लुइटेल, महासंघका कार्यबहाक अध्यक्ष लवदेव ढुङ्गानालगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा कोशी प्रदेशका जिल्लाका अध्यक्षसहितका पत्रकारको सहभागिता रहेको थियो । उनीहरुले पत्रकारिता क्षेत्रमा भित्रिएको नयाँनयाँ प्रविधि र यसले पत्रकारिता क्षेत्रलाई पार्ने सकारात्मक तथा नकारात्मक प्रभावबारे समेत जिज्ञासा राखेका थिए ।

मिडिया सम्मेलनमा स्वागत महासंघ झापा शाखाका उपाध्यक्ष केशव भट्टराईले र कार्यक्रमको सञ्चालन सचिव डिकेश लामाले गर्नुभएको थियो ।

सम्मेलनमा नेपाल पत्रकार महासंघ इलाम शाखा अध्यक्ष विप्लव भट्टराई, पाँचथर अध्यक्ष गिरीराज बाँस्कोटा, ताप्लेजुङ शाखाका पूर्व अध्यक्ष ताराप्रसाद सिटौला, सुनसरी अध्यक्ष जनकऋषि राई, संखुवासभा शाखा अध्यक्ष इन्द्र गिरी, तेह्रथुम शाखा अध्यक्ष अमृत बाँस्तोला, मोरङ सचिव नेत्र अधिकारी लगायत विभिन्न जिल्लाका सहभागीले जिज्ञासा र सुझाव राखेका थिए ।

सम्मेलनले पत्रकारिता क्षेत्रमा भएका कमजोरी, विकृतिको समीक्षा गर्दै मर्यादित र व्यवसायिक पत्रकारिताको विकासमा क्षमता अभिवृद्धि लगायतका कार्यमा जोड दिएको छ । सम्मेलनले १० बुँदे घोषणापत्र समेत जारी गरेको छ ।

# मिडिया सम्मेलन-२०८१

मिति : २०८१ जेठ ५ गते आइतबार
स्थान : जामुनखाडी, सुरुङ्गा, कनकाई, झापा

कार्यक्रमः मिडिया सम्मेलन तथा क्षमता विकास
आयोजक : नेपाल पत्रकार महासंघ, झापा
सहकार्यः कनकाई नगरपालिका
अध्यक्षता : एकराज गिरी, नेपाल पत्रकार महासंघ झापा
प्रमुख अतिथि : मा. राम राना मगर, आर्थिक मामिला तथा योजना मन्त्री कोशी प्रदेश
अतिथिहरु/प्यानलिष्ट : लिलाबल्लभ अधिकारी, आन्तरिक मामिला तथा कानुन मन्त्री,
भरत गौतम : सूचना विभागका निमित्त महानिर्देशक,
लक्ष्मण हुमागाई विज्ञापन बोर्डका अध्यक्ष,
धर्मेन्द्र झा नेपाल पत्रकार महासंघका पूर्व कन्द्रीय अध्यक्ष,
रमेश विष्ट, नेपाल पत्रकार महासंघ, वरिष्ठ उपाध्यक्ष
राजेन्द्र पोखरेल नगरप्रमुख कनकाई नगरपालिका ।
सहजकर्ताः शिव गाउँले, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय अध्यक्ष,
सहजकर्ताः अरुण कार्की, डिजिटल पत्रकारिता विषयमा कोलम्बिया विश्वविद्यालयका फेलो,
सहभागी : झापाका पत्रकारहरु, कोशी प्रदेशका विभिन्न जिल्लाबाट बोलाइएका प्रतिनिधि पत्रकारहरु गरी करीब ३०० जना ।
छलफलका विषय वस्तु : १) संघीयतामा सञ्चार : नियत, अवस्था र नियती (प्यानल बहस)
२) डिजिटल पत्रकारिता (प्रशिक्षण तथा अन्तरक्रिया)
३) पत्रकारिता र विज्ञापन (प्रशिक्षण तथा अन्तरक्रिया)

## हार्दिक धन्यवाद

झापामा पहिलोपटक मिडिया सम्मेलन सम्पन्न गर्न सहकार्य गर्ने कनकाई नगरपालिका, कार्यक्रमका प्यानिष्ट विषयविज्ञहरु, सहजकर्ता, विभिन्न जिल्लाबाट सहभागी महासंघका अध्यक्ष तथा पत्रकारहरु, सहभागी सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । मिडिया सम्मेलनका सबै सेसनहरुको रिपोर्ट गरी सहयोग गर्नुहुने चिन्तामणि दाहाल, डिकेश लामा र भीमा शिवाकोटीहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

# संघीयतामा सञ्चार : नियत, अवस्था र नियति




सहजकर्ता
**शिव गाउँले**: पूर्वअध्यक्ष
नेपाल पत्रकार महासंघ केन्द्रीय समिति

क) जे जस्तो भएपनि नेपालको संचार नीति संघीयता अनुकुल बनाइयो तर, संघीय ऐन कानुन नबनेकोले व्यवहारमा लागू भएन ।

ख) संघीयता काठमाण्डौं केन्द्रीत भयो, पुरुष केन्द्रीत भयो, समावेशी हुन सकेन भन्ने न्यारेटिभ छ र काम पनि त्यस्तै भएको छ ।

ग) यो भाष्यलाई भत्काएर प्रदेश र स्थानीय तहमा संचार नीति आउन सकेन, बन्न सकेन, बनाउने प्रयास भयो, केहीले नीति बनाए पनि अपूर्ण भयो ।

घ) संघीयता भने पनि हरेक कुरा काठमाण्डौ केन्द्रीत छ, काठमाण्डौको कब्जामा छ । एउटा काठमाण्डौले ४५ प्रतिशत अधिकार र सुविधा भोगेको छ भने ७ वटा प्रदेशले ५५ प्रतिशत पाउँदा संघीयता अनुकुल संचार नीति र कानून भएनन् ।

**अवस्था :**

क) विज्ञापन नीति बाहेक संचार नीतिमा आधारित भएर त्यसलाई लागू गर्न ऐन,कानुन, नियम र विनियम बनाउनु पर्नेमा बन्न सकेको छैन । त्यसैले संचार नीति बनेपनि व्यवहारमा लागू हुन नसकेको हो ।

ख) सिंहदरबार बाहिर अधिकार दिनु हुँदैन भन्ने मानसिकता र प्रबृत्तिले संघीय संचार नीतिलाई लागू गर्न ऐन,कानुन र नियम विनियम बन्न नसकेको अवस्था छ ।

ग) प्रदेशहरुले केही संरचना बनाएपनि प्रभावकारी भएको छैन भने केहीले बनाएकै छैनन् । संघले बनाएपछि त्योसँग नबाझिने गरी कानुन र नियम बनाउन पर्खिरहेको अवस्था छ ।

घ) केही स्थानीय निकायले संचार कानुन बनाएपनि पर्याप्त र पूर्ण छैन र संघ र प्रदेशले ऐन कानुन बनाएपछि मात्र आफूले बनाउनु भनेर पर्खिरहेको अवस्था छ ।

ङ) स्थानीय तहका विज्ञापन जो अरुका लागि आवश्यक छैन तर, राष्ट्रिय पत्रपत्रिकामा विज्ञापन छाप्नु पर्ने पञ्चायतकालिन कानुन नै अहिले पनि लागू रहेकोले मूलधारका पत्रपत्रिका भन्ने अवस्था सकिइसकेपनि, सामाजिक बनोटमा परिवर्तन भइसकेको, चेतनास्तर बढेको, बाहिरको ज्ञान तल्लो तहका जनतामा पनि बढेको,

विकास,अनुशासन, सरकार देखिसकेका जनता भइसकेपनि शासकमा भने पुरानै धङधङी रहेको अवस्थाले समयानुकुल ऐन कानुन नबनेको, बनाउन नचाहेको अवस्था छ ।

च) पत्रकारितामा पनि परिवर्तन भएको छ । पत्रकारिताले विश्लेषणात्मक कुरा दिन सकेन भने गोष्ठी र उद्घाटनका समाचार मात्र लेखेर सूचना त हुन्छ तर, पत्रकारिता जोगाउन सकिन्न भन्ने कुरा धेरै पत्रकारले बुझ्न सकेका छैनन् । पत्रकारिताको प्रभाव हिजो भन्दा आज कमजोर भएको छ ।

छ) संघीय संचार नीतिले महिला पुरुष, आदिवासी जनजाति, मधेशी, दलित,उत्पीडित आदिबीच भइरहेको विभेद अन्त्य गर्ने प्रयास गरेको छ ।

ज) संघीय संचार ऐन कानुन बनाउन संसदमा विधेयक दर्ता भएको छ । तर पारित भएको छैन ।

**नियति :**

माथि उल्लेखित नीति र अवस्थाले मोफसलमा संचार क्षेत्र र पत्रकारिता फस्टाउन नसकेको नियती भोग्नु परेको छ । अहिले आर्टिफिसियल इन्टलिजेन्ट एआईको जमाना आइसक्यो । गुगलबाट धेरै कुरा आम जनताले जान्न थालिसके । पत्रकारिता प्रभावकारी नभएकोले धेरै पत्रपत्रिका बन्द भइसके । रेडियो र टिभीको अवस्था पनि राम्रो छैन । अनलाईन पत्रिका,टिभी, रेडियो, युट्युब, फेसबुक, ट्विटर, इन्स्टाग्राम जस्ता जानकारी र सूचना दिने संचारमाध्यम आएपनि तिनलाई अनुगमन र निगरानी गर्ने कानुन र नियमको अभावमा देशका लागि भन्दा बाहिरका कम्पनीका लागि कमाइ खाने माध्यम बनेकाले नेपालका संचार क्षेत्रको हालत पतला हुँदै गएको छ ।

**चुनौती** : संघीयतामा प्रेस कमजोर भइरहेको छ । अहिलेको आमसंचारको सुविधाले प्रेसलाई चुनौती छ । केन्द्रमा संचार कमजोर भयो भने प्रदेशमा र स्थानीय तहमा सशक्त हुनु पर्थ्यो तर हुन सकेको छैन । किन हुन सकेको छैन भन्ने चुनौती छ ।

**अब के गर्ने :**

नियत, अवस्था, नियती र चुनौतीलाई दृष्टिगत गर्दै अबका काम कार्बाहीलाई अघि बढाउनु पर्ने कुरामा संचारकर्मीले ध्यान दिनु पर्ने देखिएको छ भने सरकारहरु पनि जिम्मेवार बन्नु पर्ने अवस्था देखिएको छ ।

क) प्रथमत आम संचार नीति संघीयता अनुकुल र पत्रकार मैत्री आउनु पर्यो । यो बनाउन संघ, प्रदेश र स्थानीय तहलाइ दबाब दिनुका साथै आवश्यक छ भनेर बुझाउन सक्नु पर्यो । त्यस अनुरुप ऐन कानुन, नियम विनियम , कार्यविधि बनाउन दबाब दिनु पर्यो । बनाएका नीति र ऐन कानुन, नियम, विनियम, कार्यविधिहरुलाई पूर्ण कार्यान्वयनमा ल्याउन निरन्तर दबाब दिनु पर्छ ।

ख) खोजी पत्रकारितामा ध्यान दिनु पर्छ । स्थानीय तहले गरेका काम कसरी चलिराखेका छन् । प्रदेश सरकारले कसरी काम गरिराखेका छन् त्यसको निगरानी गर्नु पर्छ । घोच्नु पर्छ । आलोचना गर्नुपर्छ ।

ग) स्थानीय तहका प्रमुख र वडाध्यक्षहरुसँग कुम जोडेर हिंड्दा केहीलाई फाइदा त होला तर पत्रकारिता बाँच्न सक्तैन । आमजनताका लागि पत्रकारिताले गर्नु पर्ने काम गर्न सक्तैन । यसले पत्रकारिता आम जनताबाट टाढिन्छ, जनताले विश्वास गर्दैनन् । त्यसबाट संचारकर्मीले आफूलाई सुधार, परिवर्तन र परिमार्जन र अपडेट गर्नु पर्छ ।

घ) पत्रकारले आफूलाई व्यवसायिक बनाउनु पर्छ । दक्ष बनाउनु पर्छ । आलोचनात्मक चेत राख्नुपर्छ ।

ङ) सूचना र विज्ञापनलाई समाचार बनाएपछि विज्ञापन आउने कुरै भएन । पत्रकारिता प्रभावकारी हुन सकेको छैन । त्यसैले यसबाट पत्रकार र संचारकर्मीले मुक्त हुनु पर्छ । आफूलाई सुधार गर्नु पर्छ ।






# प्यानल बहस

## कस्ले के भने ?

**१) लीला बल्लभ अधिकारी :**
**आन्तरिक मामिला तथा**
**कानुन मन्त्री कोशी प्रदेश**

कोशी प्रदेश सरकार स्थायी बन्न नसकेकोले पनि आम संचार नीति र त्सलाई कार्यावयन गर्ने ऐन कानून बन्न नसकेको हो । संचार नीति र त्यस अनुरुपको कानुन र नियम बनाउन तयार छ । अब चाँडै त्यो बनाउँछ र पत्रकार मैत्री नै बन्छ भन्ने विश्वास गरौं ।

**२) भरत गौतम :**
**सूचना विभागका निमित्त महानिर्देशक**

संचार नीति आएपनि त्यस अनुसार कानुन बनाउने काम सरकार र संसदको हो । संसदले बनाएका ऐन कानुन,नियम विनियमलाई सूचना विभागले लागू गर्ने हो । बनाएकै छैन भने बनाउन संचारमाध्यम र पत्रकारले दबाब दिनु पर्छ । जहाँसम्म सूचना विभागको जानकारीमा छ संघीय ऐन सम्बन्धी विधेयक संसदमा दर्ता भएको छ र अन्य विभिन्न ऐन र कानुन पाइपलाइनमा छन् । यी पारित हुने क्रममा छन् । बल्लान् र ती कानुन पत्रकार मैत्री होलान् भन्ने आशा गरौं ।

**3) रमेश विष्ट :**
**उपाध्यक्ष**
**नेपाल पत्रकार महासंघ केन्द्रीय समिति**

आम संचार नीति बनेपछि कानुन र नियम बनाउन पत्रकार महासंघले निरन्तर दबाब दिइरहेको छ । तर, राम्रो पत्रकारिता गर्न ती ऐन कानुन नबनेपनि रोकिन्न । तर, कानुन भने चाहिन्छ । विज्ञापन नीति परिवर्तन गर्ने स्थानीय तहको विज्ञापन नीति पनि बनाउन प्रयास र पहल महासंघले गरिराखेको छ । दबाब पुगेको छैन । दबाब दिन स्थानीय र प्रदेश तहमा बस्ने पत्रकारले पनि दबाब दिनु पर्छ ।

**४) धर्मेन्द्र झा**
**पत्रकार महासंघका पूर्व अध्यक्ष**
**तथा रासससका कार्यकारी अध्यक्ष**

आम संचार नीति २०७३ बनेपनि त्यसको आधारमा पत्रकारलाई जोडेर कानुन

नबनेकोले समस्या भएको हो । यसमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले अविलम्ब पत्रकार मैत्री संचार नीति, कानुन र नियम बनाई व्यवहारमा लागू गर्नु पर्छ । पत्रकार पनि दक्ष र व्यवसायिक हुनुपर्छ ।

**५) राजेन्द्र पोखरेल :**
**नगरप्रमुख कनकाई नगरपालिका**

क) संघीय कानुन नआएकोले कनकाई नगरपालिकोले संचार नीति पनि बनाएको छैन भने कानुन र नियम पनि बनाएको छैन । अब कानुन बनेन भने पनि अविलम्ब कानुन र संचार नीति बनाउने

ख) पत्रकारहरुले खोज पत्रकारितामा ध्यान दिएका छैनन् । पत्रकार अल्छी भएको अनुभव गरेको छु । हामीले नराम्रो काम गरेका छौं भन्ने औंल्याउनु होस ताकि त्यसमा सुधार गर्न पाइयोस । पत्रकारले समाचारको एमआरपि बढाउन नेगेटिभ समाचार लेख्ने प्रबृत्ति बढेको छ ।

ग) मिडियाका लागि भने कनकाई नगरपालिकाले ३० देखि ३५ लाख बजेट राख्ने गरेको छ ।

**जिज्ञासाहरु :**

विषय वस्तुमा केन्द्रित भएर केही सहभागी पत्रकाररुले जिज्ञासा राखेका थिए भने सहजकर्ता सहित प्यानल बहसमा सहभागी भएकाहरुले जवाफ दिएका थिए ।

त्यसरी जिज्ञासा आ–आफ्ना धारणा राख्नेहरुमा पत्रकारहरु नरेन्द्र ढकाल, मनकुमार गदाल, गिरिराज भट्टराई, भूमिका फियाक, विप्लब भट्टराई, अमृत बाँस्तोला, जनकऋषि राई, तारा सिटौला, गिरीराज बास्कोटा, इन्द्र गिरी, प्रदिप परियार तथा गणेश निरौला लगायत रहेका थिए ।















सहजकर्ता
**अरुण कार्की**
डिजिटल पत्रकारिता विज्ञ

भिजुअलाइजेसन र डिजिटल नक्सांकनसँग जोड्न सकिन्छ, जसले गहिरो अन्तर्दृष्टि प्रदान गर्छ। परम्परागत र आधुनिक प्रविधिहरूको यो मिश्रणले नेपालको जटिल सामाजिक, राजनीतिक र वातावरणीय मुद्दाहरूको रिपोर्टिङमा विशेष फाइदा पुऱ्याउन सक्छ।

- नेपाली न्युजरूममा एआई (आर्टिफिसियल इन्टेलिजेन्स) टूल्सहरू अवसर र चुनौति दुवैको रूपमा देखा परिरहेका छन्। यस्ता प्रविधिको बुझेर तथा सावधानीपूर्वक प्रयोग गर्ने हो भने पत्रकारितामा यो सहायक बन्न सक्छ। यी टूल्सहरूले नेपालको बहुभाषिक मिडिया परिदृश्यमा विशेष गरी अनुवाद, तथ्यांक विश्लेषण र अनुसन्धानमा सहयोगी बन्न सक्छन्। तथापि, पत्रकारिताको मूल मर्म र सिद्धान्तलाई भने प्रतिस्थापन नगरी पूरकको रूपमा प्रयोग गरिनुपर्छ ।
- नेपाली पत्रकारिताको परिदृश्मा तथ्यांकमा आधारित भएर गरिने रिपोर्टिङ झन्झन् आवश्यक र सान्दर्भिक हुँदै गएको छ। तथ्यांकको गहन विश्लेषणले अनुसन्धानमूलक रिपोर्टिङलाई टेवा पुऱ्याउने मात्र नभइ भ्रष्टाचार र सुशासनका स्टोरीलाई बढी विश्वसनीय र प्रभावकारी बनाउँछ। नेपाली पत्रकारिताले राजनीतिक, व्यवसायिक र आर्थिक विभिन्न खाले चुनौतीको सामन गरिराख्नुपरेको परिप्रेक्षमा तथ्यांक सम्बन्धी सीपको

# डिजिटल पत्रकारिता

- नेपालका विश्वविद्यालय र कलेजहरूमा पत्रकारिताको पाठ्यक्रम अझै पनि सैद्धान्तिक विषयमा बढी केन्द्रित छ, जसमा व्यावहारिक सीपहरूमा न्यून जोड दिइएको छ। पाठ्यक्रममा डिजिटल टूल्स, आधुनिक कथा लेखनका विधाहरू र OSINT (खुला स्रोतबाट गरिने खोज) जस्ता तरिकाहरूको अभाव छ। यस्ता खाले तालिम विना पत्रकारिताको अध्ययनबाट आधुनिक समाचार कक्षमा गइ काम गर्न सीप पुग्दैन ।
- नेपाली पत्रकारिता अध्यापन गराउने संस्थाहरूमा पाठ्यक्रम सामग्री हरेक तीन वा छ महिनामा व्यवस्थित रूपमा अद्यावधिक गर्दा त्यो फलदायी हुन्छ । त्यसमा प्रविधिमा तीव्र परिवर्तन, सामाजिक सञ्जाल प्लेटफर्महरू, दर्शकहरूको बदलिँदो रुची, नवीन कथालेखन शैली र समकालीन अनुसन्धान विधिहरू प्रतिबिम्बित गर्नुपर्छ । यस्ता आवश्यकतालाई सम्बोधन नगर्ने र पुरानो पाठ्यक्रमलाई निरन्तरता दिनाले विद्यार्थीले आफुलाई व्यावसायिक रूपमा तयार गर्न गाह्रो हुन्छ ।
- नेपालको विविध भौगोलिक र सामाजिक सन्दर्भमा Shoe–Leather Journalism (फिल्डमा गएर गर्ने रिपोर्टिङ) पनि महत्वपूर्ण छ। तथापि, यो परम्परागत अभ्यासमा तथ्यांकको विश्लेषण र डिजिटल टूलसको प्रयोगले स्टोरीलाइ अझ बलियो, पढ्न लायक र हेर्न लायक बनाउन सकिन्छ। उदाहरणका लागि, ग्रामीण बसाइँसराइको कथालाई फिल्ड अन्तर्वार्ता, डाटा टड्कारो आवश्हयकता देखिन्छ ।
- कोभिड पछिका देखिएका चुनौतिहरूले नेपालको मिडिया उद्योगमा प्रतिकुल प्रभाव पारेको छ, धेरै संस्थाहरू स्रोत अभावको सामना गरिरहेका छन्। साथै, कन्टेन्ट क्रिएटर र क्यअब्बिं :भमष्ब क्ष्लागिभलअभच हरूको उदयले सूचना प्रवाहको परिदृश्य बदलेको छ। यो बदलिदो परिस्थितिमा संचार गृह तथा पत्रकारले नवीन व्यवसायिक मोडेल र अन्य स्रोतहरूको के हुन सक्छन, खोजी गर्नुपर्छ।
- नेपाली पत्रकारहरूले स्थानीय र अन्तर्राष्ट्रिय तालिम अवसरहरू र फेलोशिपहरूको सक्रिय रूपमा खोजी गर्नुपर्छ। यी कार्यक्रम वा फोरमहरूले अन्य मुलकमा भएका उत्कृष्ट अभ्यासहरू, प्राविधिक सीपहरू आदानप्रदान गर्ने नेटवर्किङका अवसरहरू प्रदान गर्दछ। विश्वव्यापी रूपमा चलिरहेको वा बदलिदै गएको पत्रकारिताको प्रवृत्ति तथा अभ्यासको अनुसरणको प्रयास गर्ने हो भने यो पेशामा दिगो रूपमा अडिन सक्ने सम्भावना रहन्छ।
- आम नेपाली पाठकमा डिजिटल उपकरणको बढ्दो साक्षरता र प्रयोगको अवस्थामा गुणस्तरीय स्टोरीको उत्पादन मात्रले पुग्दैन। पत्रकारले डिजिटल र सामाजिक सञ्जाल प्लेटफर्महरूमा त्यसको वितरण र प्रकाशनमाको रणनीतिमा ध्यान दिनु आवश्यक देखिन्छ। जसबाट धेरैभन्दा धेरै पाठकमा स्टोरीको पहुँच हुन सक्दा त्यसले पार्ने प्रभाव पनि बढ्न जान्छ ।



सहजकर्ता

**लक्ष्मण हुमागाँई**
अध्यक्ष, विज्ञापन बोर्ड

# पत्रकारिता र विज्ञापन

नेपालको पत्रकारिता त्यसमाथि मोफसलले भोगेको विकराल समस्या नै विज्ञापन नपाउनु हो । केन्द्रीय नीति र नियमले नै स्थानीय र प्रादेशिक संचारमाध्यम विज्ञापन नपाएर पीडित बनेका हुन् ।

देश संघीयतामा गइसकेपछि पनि स्थानीय विकासका टेण्डर, बोलपत्र, सूचना र सचेतनामूलक जानकारी केन्द्रमै पुर्‍याउनु पर्ने कानुन परिमार्जन नगरेर समस्या भएको हो । यसमा परिवर्तन र परिमार्जन गर्नुपर्छ भने पत्रकारले पनि आफ्नो संचारमाध्यमको रेटिङ बढाउने र पाठक श्रोता बढाउने गरी पत्रकारिता गर्नु पर्छ ।

अध्यक्ष हुमागाईले विज्ञापन नीति बनेको, नियममा हालै संशोधन भएको, विज्ञापन आचार संहिता जारी भएपनि विज्ञापनमा समस्या नभएका होइनन् भन्दै विज्ञापनमा पारदर्शिताको अभाव औंल्याउनु भयो ।

क) अधिकांश संचारमाध्यममा विज्ञापन दर स्पष्ट छैन ।
ख) वर्गीकरण पारदर्शिाको माध्यम छैन ।
ग) कारोबार पारदर्शी छैन ।
घ) एकले अर्कालाई सक्ने खेल छ ।
ङ) विज्ञापनको बजार करीब ३० अर्बको छ ।
तर, ४४ प्रतिशतमात्र विज्ञापनबाट रकम उठ्छ ।
च) ठूला ठूला कार्यक्रम हुन्छन् तर, स्थानीय तहले कर पाउँदैन ।
छ) जि हजुरीबाट कि थर्काएर विज्ञापन लिने प्रबृत्ति मिडियाहरुले गरिरहेका छन् । यस्तो प्रबृत्ति बन्द नभएसम्म विज्ञापनको बजार विकास हुँदैन । विज्ञापन पाउन मिडियाहरुले आफ्ना पाठक बढाउने, श्रोता बढाउने सामग्री पस्कनु पर्छ ।
झ) स्थानीय तहमा मिडिया कानुन र विज्ञापन नीति नभएकोले अब बोर्डले ३ महिना अर्थात २०८१ साउन महिना भित्र ७ सय ५३ वटै पालिका र ७ वटै प्रदेशमा नमुना कानून बनाएर पठाउँछ ।

# मिडिया सम्मेलनको निष्कर्ष

– संघीय संचार नीति बनेपनि संघीय कानुन नबनेकोले यसलाई यथा शिघ्र बनाउनु पर्छ । संघीय संसदमा मिडिया कनुन दर्ता भएको भन्ने छ । अझै पनि त्यसलाई पत्रकार मैत्री बनाउन पत्रकारहरुको एउटा विज्ञ टिमसँग बसेर सुझाव लिएर मात्र संसदमा छलफलमा ल्याउनु पर्छ ।

– संघीय कानून नबनेको र बनाउँदा बाझिन सक्ने बहाना गर्दै प्रदेश र पालिकाहरुले पनि मिडिया कानुन बनाएका छैनन् । उनीहरुलाई नमुना कानुन दिएर कानुन वनाउन छुट दिनु पर्छ । यदि त्यो कानून संघीय कानूनसँग बाझियो भने संशोधन गरे भइहाल्यो ।

– प्रभाव, स्वार्थ र दबाबले पत्रकारिता कमजोर हुँदै गएको छ भन्ने महशुस गरी त्यसबाट मुक्त भएर निडर भई आधुनिक प्रविधिहरु जस्तो डिजिटल, गुगल, मल्टी मिडिया, एआई जस्ता माध्यम प्रयोग गर्दै सत्य, तथ्य र खोज पत्रकारिता गरी व्यवसायिक पत्रकारिता गर्नु पर्छ । पत्रकार पेशामा दक्ष हुनुपर्छ । विज्ञापनलाई समाचार बनाउने समाचारलाई प्रयोजित भनेर विज्ञापन बराबरको रकम लिने , जिहजुरी गरेर वा धम्क्याएर विज्ञापन लिने गलत प्रबृत्ति मिडियाकर्मी र मिडिया हाउसहरुले पनि बन्द गर्नु पर्छ ।

– पत्रकारिता स्वच्छ, सत्य, तथ्य र आमजनताका लागि भएकोले पत्रकारहरुले कर्मचारी, सुरक्षा निकाय, सरकार र जनप्रतिनिधि र नेताहरुसँग कुम जोडेर हिंड्नु हुँदेन । सम्बन्ध कायम गर्नु पर्छ तर, दुरी कायम गर्नु पर्छ ।

– पत्रकारिताको र पत्रकारिताको प्रशिक्षणका लागि बनाइएका पाठ्यक्रममा समयानुकुल सुधार हरेक ३-३ महिनाम अपडेट गर्दै जानु पर्छ । पत्रकारिताको पढाईमा सैद्धान्तिक मात्र होइन व्यवहारिक ज्ञान धेरै जरुरी छ । जुन नेपालमा भएको छैन ।

– विज्ञापन नीति र नियम तथा आचारसंहिता आइसकेकोले त्यस अनुसार अघि बढ्ने बेला आएको छ भने मिडियाहरुले पनि विज्ञापनलाई पारदर्शी बनाउनु पर्छ । ज्ञिापन रेट पनि पारदर्शी हुनु पर्छ । स्थानीय तहले स्थानीय मिडियाहरुलाई नै विज्ञापन र सूचना दिनु पर्छ र सोही अनुसारको ऐन, कानुन, नियम बनाउनु पर्छ ।

खोज,व्यवसायिक, आधुनिक प्रविधिको उच्चतम प्रयोग, विश्लेषण र विषय विज्ञता व ा दक्षता हासिल गरी पत्रकारिता गर्ने र सत्य, तथ्य र फिल्ड अध्ययनसमेत गरी समाचार लेख्ने, त्यसको विश्लेषण गर्ने हो भने पत्रकारिताको भविश्य उज्ज्वल छ । अहिले जस्तै धिसीपिटी पत्रकारिता गर्ने हो भने समस्या छ । तर, पत्रकारिता जरुरी छ । राज्यलाई, सरकारलाई, नेताहरुलाई, जनप्रतिनिधिरुलाई र आम जनतालाई । त्यसैले यसमा सुधार आवश्यक छ ।



# मिडिया सम्मेलन -२०८१

# घोषणा पत्र

१) सञ्चार नीतिमा उल्लेख भएअनुसार विकेन्द्रीत नीतिलाई
कार्यान्वय गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।
२) यो सम्मेलन श्रमजीवि पत्रकारिता ऐन पूर्ण कार्यान्वनको माग गर्दछ ।
३) संघीयतालाई कार्यान्वय गर्ने सन्दर्भमा बढ्दै गएको विकृति र गिर्दो आचरणलाई सुधार गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।
४) प्रविधिको बढ्दो विकाससँगै धरासायी बन्दै गएको पत्रकारिता क्षेत्रलाई संस्थागत गर्नका लागि राज्य पक्षबाट सञ्चार नीतिलाई कार्यान्वयन गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।
५) सञ्चार नीतिमा उल्लेख भएको लैंगिक, भाषिक, भौगोलिक र जातीय प्रतिनिधित्व हुने गरी नीति गत समावेशीतालाई स्थानीय तहसम्म कार्यान्वयन गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।
६) लोक कल्याणकारी विज्ञापनलाई पुनः परिभाषित गरी यसलाई बहुउपयोगी बनाउन यो सम्मेलन माग गर्दछ ।
७) आम सञ्चार र पत्रकारिता क्षेत्रलाई विषय बनाएर अध्ययन गरिरहेका विद्यार्थीहरुलाई यसै क्षेत्रमा क्रियाशील बनाउने वातावरण सिर्जना गरी सञ्चार क्षेत्रमा आकर्षित गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।
८) पत्रकार महिलाको पेशागत तथा भौतिक सुरक्षाका लागि विशेष प्याकेजको प्रबन्ध गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।
९) सञ्चार माध्यमको दर्ता, वर्गीकरण, विज्ञापन नीति, संघीय, प्रादेशिक र स्थानीय तहको अलग-अलग ऐन तत्काल ल्याउन र कार्यान्वयनका लागि यो सम्मेलन जोडदार माग गर्दछ ।
१०) कनकाई नगरसहित समग्र झापाका पर्यटकीय क्षेत्रको प्रबर्द्धन र विकाससँगै पर्यटन पत्रकारितालाई जोड्न यो सम्मेलन माग गर्दछ ।




झापा शाखा
मिडिया
सम्मेलन
५ जेठ २०८१ । कनकाई, झापा














नेपाल पत्रकार महासंघ
झापा शाखा
स्वागतम्
स्वागतम्


नेपाल पत्रकार महासंघ
झापा शाखा

















मिडिया






























मिडिया








मिडिया













# १४औं अधिवेशन भव्य रुपमा सम्पन्न



नेपाल पत्रकार महासंघ झापा शाखाको १४औं अधिवेशन भव्य रुपमा बिर्तामोडमा सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधि सभाका सभामुख सभामुख देवराज घिमिरेले उद्घाटन गरेको अधिवेशन शाखा अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको थियो ।

उद्घाटन समारोहमा पत्रकारहरुलाई विविध विधामा पुरस्कार प्रदान गरिएको थियो। सभामुख घिमिरे, झापा क्षेत्र नं. १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य तथा नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा, नेकपा माओवादी केन्द्र कोशी प्रदेशका संसदीय दलका नेता तथा पूर्व मन्त्री इन्द्र आङबो मौसम, नेपाल पत्रकार महासंघकी केन्द्रीय उपाध्यक्ष वाला अधिकारी लगायतले सम्मान एवम् पुरस्कार वितरण गरेका थिए। पत्रकार महासंघका पूर्व महासचिव चन्द्र भण्डारीले सम्मानित व्यक्तिहरुको नाम घोषणा गरेका थिए।

उक्त अवसरमा महासंघ झापाले अग्रज पत्रकारहरुलाई नगदसहित सम्मान गरेको छ। झापा शाखाले बिगतदेखि नै बितरण गर्दै आएको नेपाली पत्रकारिताका जन्मदाता मोतीराम भट्टको स्मृतिमा स्थापित मोतीराम पत्रकारिता पुरस्कार यस वर्ष दुई जना अग्रज पत्रकारहरुलाई संयुक्त रुपमा प्रदान गरेको छ। रु. एक लाख १ हजार एक सय ११ रुपैयाँसहितको उक्त पुरस्कार प्रेस स्वतन्त्रताको पक्षमा संघर्ष गर्दै पत्रकारिताको व्यवसायिकता र मर्यादा बढाउन योगदान दिएका दुई पूर्व अध्यक्षहरु केशव आचार्य र कृष्ण हुँमागाँईलाई संयुक्त रुपमा प्रदान गरिएको थियो।

सोही अबसरमा पूर्वका जेठो पत्रकार श्यामकृष्ण उपाध्यायद्वारा सम्पादित झापाको पहिलो पत्रिका केटोको सम्मानमा स्थापित केटो पत्रकारिता पुरस्कार पूर्वाञ्चल डेली डटकम अनलाइनका समाचार संयोजक नरेन्द्र ढकाललाई नगद २५ हजार पाँच सय ५५ रुपैयाँसहित सम्मान-पत्र प्रदान गरियो।

यसैवर्षदेखि नेपाल पत्रकार महासंघ झापा शाखा द्वारा प्रदान गरिने गरी स्थापना भएको 'टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार' भद्रपुर निवासी पत्रकार राजबाबु शंकरलाई नगद ५० हजार ५ सय ५५ रुपैयाँसहित प्रदान गरएको थियो।

हेम-सरिता फाण्डेशन अमेरिका र नेपाल पत्रकार महासंघ झापा शाखाले गरेको सम्झौता बमोजिम फाउण्डेशनका संस्थापकका हेम पाठक र सरिता पाठकले पिता टंकप्रसाद पाठक र माता रमादेबी पाठकको स्मृतिमा प्रत्येक बर्ष प्रदान गर्ने गरी रु. ५ लाखको अक्षयकोष स्थापना गरिएको छ। उक्त कोषको ब्याजबाट भ्रष्टाचारविरुद्ध तथा सुशासन प्रवर्द्धनका लागि पत्रकारितामार्फत महत्वपूर्ण योगदान दिने पत्रकारलाई पुरस्कृत गरिने उद्देश्य रहेको छ। पुरस्कार वितरण समारोहमा

अक्षयकोष दाता परिवारबाट यज्ञ पाठक र सकुन्तला पाठकको उपस्थिति थियो ।

त्यसैगरी २५ हजार राशिसहितको लैङ्गिक समानता पत्रकारिता पुरस्कार २०७९ लीला अनमोललाई र २०८०को पुरस्कार रेजिना गौतमलाई प्रदान गरिएको थियो । बिर्तामोड-१ निवासी विपीन (विश्वेश्वर) र बिनिता बजगाँई (होमकला)ले आफ्ना मातापिता मनमाया र केदार बजगाँईको स्मृतिमा महासंघमा २ लाख ५१ हजारको अक्षयकोष स्थापना गरेर यसैवर्षबाट पुरस्कार वितरण सुरु गरिएको हो ।

लैङ्गिक समानता हासिल गर्न समाजलाई अभिप्रेरणा दिने, समतामूलक समाज निर्माणमा भूमिका खेल्दै पैरवीयुक्त, खोजमूलक र प्रभावशाली समाचार प्रकाशन तथा प्रशारण गर्ने एक जनालाई प्रत्येक बर्ष प्रदान गर्ने गरी उक्त पुरस्कारको स्थापना गरिएको हो ।

त्यसैगरी यसै बर्षबाट महासंघ झापाले स्थापना गरेको समावेशी सक्रिय पत्रकारिता पुरस्कार नगद २५ हजार ५ सय ५५ रुपैयाँसहित पत्रकार गणेशमान मुखियालाई प्रदान गरिएको छ ।

पत्रकार महासंघ झापाले यसैबर्षदेखि सञ्चार क्षेत्रका विविध बिधालाई समेटेर समाज रुपान्तरणमा योगदान दिने पत्रकारहरुलाई जनही ११ हजार नगदसहित पत्रकारिता पुरस्कार प्रदान गरेको छ । विविध बिधा अन्तर्गत अनलाइन पत्रकारिता पुरस्कार शब्दपत्र डटकमका सम्पादक उद्धव पुरीलाई प्रदान गरिएको छ । त्यस्तै छापा पत्रकारिता पुरस्कार मेची साप्ताहिकका सम्पादक झुलन रेग्मीलाई प्रदान गरियो । त्यस्तै टेलिभिजन पत्रकारिता पुरस्कार हिमशिखरका सुदीप अधिकारीलाई र रेडियो पत्रकारिता पुरस्कार रेडियो भिजनका पुष्प बराललाई प्रदान गरिएको थियो । सोही अवसरमा उदीयमान पत्रकारिता पुरस्कार आँगन एफएमका चन्द्र बस्नेत र मेची खबर साप्ताहिकका प्रकाश पौडेललाई प्रदान गरियो । उक्त पुरस्कारको राशि जनही ११ हजार १ सय ११ रुपैयाँ रहेको छ । त्यसैगरी अधिवेशनकै अवसरमा ६५ वर्ष भन्दा बढी उमेरका १९ जना अग्रज पत्रकारहरुलाई दीर्घसेवा सम्मान प्रदान गरिएको थियो ।

सम्मानित हुनेहरुमा नकुल काजी, गोबिन्दचन्द्र छेत्री, चुडामणि रेग्मी, चिन्तामणि दाहाल, नेत्र पाठक, केशव आचार्य, तारा बराल, कृष्ण दहाल, गञ्जबहादुर दाहाल, शिरो सान्दाइ, विष्णुकुमार भट्टराई, चन्द्र भण्डारी ,लीला बराल, लक्ष्मण ढकाल, लेखनाथ परदेशी, लक्ष्मी लुईंटेल, गोपाल गिरी, लेखनाथ भट्टराई, चुडामणि वशिष्ठ छन् ।

यसैबीच पत्रकार महासंघ र झापाली पत्रकारहरुलाई विशेष सहयोग पुर्‍याए बापत व्यवसायी दीपक पोखरेललाई सम्मान गरिएको थियो । सौर्य एयरलायन्स तथा ओम साई पाथीभरा हस्पिटलका अध्यक्ष पोखरेलले महासंघको प्रस्ताव अनुसार पत्रकारहरुको उपचारमा सहयोग गर्न काठमाडौंसम्मको हवाई टिकट र हस्पिटलमा उपचार सेवामा योगदान दिँदै आएका छन् ।

कार्यक्रममा मेची महाकाली पहिलो पत्रकार साइकलयात्री मुक्ति पौडेललाई समेत सम्मान गरिएको थियो । कार्यक्रममा स्वागत महासंघ झापाका उपाध्यक्ष केशव भट्टराई र सञ्चालन सचिव डिकेश लामाले गरेका थिए ।

कार्यक्रममा महासंघका केन्द्रीय सदस्यहरु अमर खड्का, इकवाल अहमद, नेपाल पत्रकार महासंघ कोशी प्रदेशका कार्यवहाक अध्यक्ष लवदेव ढुंगाना, उपाध्यक्ष हिमा चेम्जोङ, महासचिव विवेक गौतम, कोषाध्यक्ष विमल लामिछाने बुद्धि, नेपाली कांग्रेस झापाका सभापति देउमान थेवे, नेकपा एमाले झापाका अध्यक्ष प्रेम गिरी, नेकपा माओवादी केन्द्र झापाका अध्यक्ष राजु आचार्य अग्नी,राप्रपा झापाका अध्यक्ष केशवप्रसाद ओझा, जसपा झापाका अध्यक्ष दिपेनबाला राई, नेकपा एकीकृत समाजवादी झापाका अध्यक्ष वेदराज रेग्मी, नागरिक उन्मुक्ति पार्टी कोशीका अध्यक्ष धनबहादुर पन्धाक सुब्बा, भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेल, झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोला, अरिदमन गण चारआलीका प्रमुख सेनानी प्राजु बस्न्यात, जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक मिलन केसी, सशस्त्र प्रहरी बल नेपाल नं. २ गण झापाका गणपति सशस्त्र प्रहरी उपरीक्षक कविन्द्र राई, राष्ट्रिय अनुसन्धान कार्यालय झापाका उप अनुसन्धान निर्देशक कुलचन्द्र नेपाल, नेपाल पत्रकार महासंघ प्रदेश कार्यसमितिका सदस्य विष्णु सुब्बा,सुरेन्द्र भण्डारी र लीलाराज झापाली, पत्रकारका विभिन्न संघसंगठनका अध्यक्ष तथा प्रतिनिधिहरुको आतिथ्य थियो ।




NSS BTM
NSS







# दीर्घसेवा सम्मान प्राप्त गर्ने ज्येष्ठ पत्रकारहरूको नामावली

| | | |
|---|---|---|
| १ | चुडामणि रेग्मी, भद्रपुर | ८८ वर्ष |
| २ | गोविन्द्रचन्द क्षेत्री, भद्रपुर | ८० वर्ष |
| ३ | नकुल काजी, भद्रपुर | ८० वर्ष |
| ४ | चिन्तामणि दाहाल, भद्रपुर | ७२ वर्ष |
| ५ | नेत्र पाठक, बिर्तामोड | ७२ वर्ष |
| ६ | तारा बराल, बुद्धशान्ति | ७१ वर्ष |
| ७ | शिरो सान्दाइ, बिर्तामोड | ७१ वर्ष |
| ८ | कृष्ण दाहाल, भद्रपुर | ७१ वर्ष |
| ९ | केशव आचार्य, बिर्तामोड | ७० वर्ष |
| १० | गञ्जबहादुर दाहाल, दमक | ६९ वर्ष |

| | | |
|---|---|---|
| ११ | विष्णुकुमार भट्टराई, अर्जुनधारा | ७५ बर्ष |
| १२ | लक्ष्मी लुइँटेल, बिर्तामोड | ६८ वर्ष |
| १३ | चन्द्र भण्डारी, मेचीनगर | ६७ वर्ष |
| १४ | लक्ष्मण ढकाल, बिर्तामोड | ६७ वर्ष |
| १५ | लेखनाथ भट्टराई, अर्जुनधारा | ६६ वर्ष |
| १६ | चुडामणि वशिष्ठ, भद्रपुर | ६६ वर्ष |
| १७ | लेखनाथ परदेशी, हल्दिबारी | ६६ वर्ष |
| १८ | लिला बराल, बिर्तामोड | ६५ वर्ष |
| १९ | गोपाल गिरी, भद्रपुर | ६५ वर्ष |






FEDERATION OF NEPALI JOURNALISTS (FNJ) JHAPA
दीर्घसेवा सम्मान


FEDERATION OF NEPALI JOURNALISTS (FNJ) JHAPA
दीर्घसेवा सम्मान


FEDERATION


पत्रकार
झापा शाखा


सम्मान


FEDERATION OF


FEDERATION
दीर्घसेवा


सम्मान








नेपाल





# पुरस्कार तथा सम्मान समर्पणको विवरण

## पत्रकारिता पुरस्कार २०८०

| क्र.सं. | पुरस्कारको नाम | पुरस्कृत व्यक्तित्व | ठेगाना | पुरस्कार राशि रु. | वितरण वर्ष | वितरण सुरु वर्ष |
|---|---|---|---|---|---|---|
| १ | मोतीराम पत्रकारिता पुरस्कार | केशव आचार्य र कृष्ण हुँमागाँई (संयुक्तरुपमा समर्पण) | बिर्तामोड | १११००१।- | ३ वर्षमा | ०५८ |
| २ | टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार (भ्रष्टाचारविरुद्ध तथा सुशासन प्रवर्धनार्थ) | राजबाबु शंकर | भद्रपुर | ५०५५५।- | हरेक वर्षमा | ०८० |
| ३ | केटो पत्रकारिता पुरस्कार | नरेन्द्र ढकाल | इलाम (हाल बिर्तामोड) | २५५५५।- | ३ वर्षमा | (अक्षय कोषसहित) |
| ४ | सक्रिय समावेशी पत्रकारिता पुरस्कार | गणेशमान मुखिया | बिर्तामोड | २५५५५।- | हरेक वर्षमा | ०५८ |
| ५ | लैङ्गिक समानता पत्रकारिता पुरस्कार ०७९ | रेजीना रोदन | बिर्तामोड | २५०००।- | हरेक वर्षमा | ०८० |
| ६ | लैङ्गिक समानता पत्रकारिता पुरस्कार ०८० | लीला अनमोल | बिर्तामोड | २५०००।- | हरेक वर्षमा | ०८० |
| ७ | उदीयमान पत्रकारिता पुरस्कार | चन्द्र बस्नेत | कनकाई | ११०००।- | हरेक वर्षमा | ०८० |
| ८ | उदीयमान पत्रकारिता पुरस्कार | प्रकाश पौडेल | मेचीनगर | ११०००।- | हरेक वर्षमा | ०८० |

## विधागत पत्रकारिता सम्मान २०८०

| क्र.सं. | सम्मान विधा | सम्मानित व्यक्तित्व | ठेगाना | राशि रु. | वितरण वर्ष | वितरण सुरु वर्ष |
|---|---|---|---|---|---|---|
| १ | कार्टुन पत्रकारिता | पवन राजवंशी | कनकाई | ११०००।- | ३ वर्षमा | ०८० |
| २ | छापा पत्रकारिता | झुलन रेग्मी | मेचीनगर | ११०००।- | हरेक वर्षमा | ०८० |
| ३ | रेडियो पत्रकारिता | पुष्प बराल | बिर्तामोड | ११०००।- | ३ वर्षमा | ०८० |
| ४ | टेलिभिजन पत्रकारिता | सुदिप अधिकारी | दमक | ११०००।- | हरेक वर्षमा | ०८० |
| ५ | अनलाइन पत्रकारिता | उद्धव पुरी | अर्जुनधारा | ११०००।- | हरेक वर्षमा | ०८० |

## विशेष सम्मान २०८०

| क्र.सं. | सम्मान विधा | सम्मानित व्यक्तित्व | ठेगाना |
|---|---|---|---|
| १ | मेची-महाकाली प्रथम पत्रकार साइकल यात्री | मुक्ति पौडेल | मेचीनगर |


नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists
Jhapa
Mr. Keshav Acharya/Mr. Krishna Humagai
Rs. One Lakh One Thousand One Hundred Eleven only.
Motiram Patrakarita Puraskar-2080
1,01,111/-


नेपाल पत्रकार महासंघ
FEDERATION OF NEPALI JOURNALISTS
झापा शाखा (JHAPA BRANCH)
मोतीराम पत्रकारिता पुरस्कार-२०८०
सम्मान-पत्र






Federation of Nepali Journalists
Jhapa
Date: 17/1/2081
Pay against this cheque to Mr. Raj Babu Shankar
Rs. Fifty Thousand Five Hundred Fifty Five only.
Tanka Prasad-Rama Devi Pathak
Patrakarita Puraskar-2080
50,555/-




सक्रिय समावेशी पत्रकारिता पुरस्कार- २०८०


लैङ्गिक समानता पत्रकारिता पुरस्कार-२०८०
सम्मान








कार्टुन पत्रकारिता
सम्मान


झापा पत्रकारिता
सम्मान-२०८०


रेडियो पत्रकारिता


सम्मान २०८०
नेपाल पत्रकार महासंघ झापा


अनलाइन पत्रकारिता
सम्मान - २०८०
श्री उद्धव पुरीज्यू


FEDERATION OF NEPALI JOURNALISTS (FNJ) JHAPA


झापा शाखा










झापा शाखा


नेपाल
झापा शाखा


नेपाल
झापा शाखा




































नेपाल पत्रकार महासंघ
झापा शाखा










नेपाल पत्रकार महासंघ
झापा शाखा
१४औं जिल्ला अधिवेशन

# झापालाई उत्कृष्ट शाखा सम्मान






नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौ

प्रशंसा-पत्र

श्री नेपाल पत्रकार महासंघ
झापा शाखा ।

नेपाल पत्रकार महासंघ झापा शाखाले एक करोड रुपैयाँको पत्रकार सहारा उपचार कोष स्थापना गरी महासंघको संस्थागत विकास नेपाली पत्रकारिता क्षेत्र तथा श्रमजीवी पत्रकारहरुको हित संरक्षणका लागि अनुकरणीय कार्य गरेकाले नेपाल पत्रकार महासंघको २०८१ वैशाख २१ र २२ गते सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न २७औं महाधिवेशनमा यो प्रशंसा-पत्र प्रदान गरिएको छ । नेपाल पत्रकार महासंघ भविष्यमा संस्थाको विकास, श्रमजीवी पत्रकारहरुको हित प्रवर्द्धन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको महायात्रामा झापा शाखाको सकारात्मक र रचनात्मक योगदानको अपेक्षा गर्दछ ।

रोसन पुरी
महासचिव

२०८१ वैशाख २१

विपुल पोखेल
अध्यक्ष

# प्रधानमन्त्री प्रचण्डद्वारा ‘झापाको पत्रकारिता’ पुस्तक विमोचन



२०८१ वैशाख २१ गते शुक्रबार काठमाडौंमा प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डले झापाको पत्रकारिता (आरम्भदेखि ०४०) पुस्तकको विमोचन गरेका छन् ।

नेपाल पत्रकार महासंघ झापाद्धारा प्रकाशित उक्त पुस्तक राष्ट्रिय सभागृहमा आयोजित नेपाल पत्रकार महासंघको २७औं महाधिवेशन उद्घाटन समारोहमा विमोचन गरिएको हो ।

नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीका अनुसार पुस्तकमा झापाको पत्रकारिताको इतिहासको दस्तावेजीकरण, ०४० सम्मका अग्रज पत्रकार हरुको परिचय, महत्वपूर्ण अभिलेख, महासंघको हाल सम्मका कार्यसमितिको विवरण लगायतका विषय समेटिएको छ । कभरसहित २७६ पृष्ठको पुस्तकमा अग्रलेख, अन्तरबोध खण्ड,संस्मरण/लेख खण्ड र अभिलेख खण्डमा इतिहासका विविध विषय समेटिएको छ ।

प्रधानमन्त्री प्रचण्ड, सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा, नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेल र महासंघ कोशी प्रदेशका कार्यवाहक अध्यक्ष लवदेव ढुंगानाले शुभकामना व्यक्त गर्दै झापाको पत्रकारिता पुस्तक प्रकाशन गरेर महासंघ झापा शाखाको वर्तमान कार्यसमितिले रचनात्मक र उदाहरणीय काम गरेको भन्दै प्रशंसा गरेका छन् ।

सात दशक पार गरेको झापाली पत्रकारिताको बारेमा बुझ्न , खोज अध्ययन अनुसन्धान गर्न चाहने जो सुकैका लागि पुस्तक उपयोगी हुने अध्यक्ष गिरीले बताए । पुस्तकको सम्पादक अग्रज पत्रकार गोपाल गिरी र राजबाबु शंकर रहेका छन् । अध्यक्ष  गिरीले पुस्ततकका सम्पादक, लेखक पत्रकार ,प्रकाशनमा सहयोग पुर्याउने सबैलाई धन्यवाद ज्ञापन गरेका छन् । पुस्तकको प्रकाशन सहयोगी बिर्तामोड नगरपालिका रहेको छ ।

# झापाको पत्रकारिता: पुस्तक परिचर्चा र सम्मान



नेपाल पत्रकार महासंघ झापाद्वारा प्रकाशित 'झापाको पत्रकारिताः आरम्भदेखि २०४०' पुस्तकको परिचर्चा कार्यक्रम बिहीबार बिर्तामोडमा सम्पन्न भयो।

नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन प्रमुख अतिथि झापा जिल्ला अदालतका मुख्य न्यायाधिस अशोककुमार बस्नेतले गरेका थिए।

कार्यक्रममा भाषाविद् तथा अग्रज पत्रकार चुणामणि रेग्मीलाई सम्मान प्रदान गरिएको थियो। पत्रकार महासंघ झापाले ६५ वर्ष उमेर पूरा भएका अग्रज पत्रकारलाई यसैबर्षदेखि औषधि उपचार खर्च सहित दीर्घसेवी सम्मान प्रदान गर्न थालेको छ। १४ औं जिल्ला अधिवेशनमा उनीहरुलाई सम्मान गरिएको थियो। उक्त दिन अनुपस्थित कृष्ण दाहाल र लेखनाथ भट्टराईलाई पनि बिहीबार सम्मान प्रदान गरियो।

महासंघ झापाको बिर्तामोडस्थित कार्यालयमा आयोजित कार्यक्रमका सहभागी वक्ताहरुले इतिहासका धरोहरलाई सधै सम्मान गर्नु पर्नेमा जोड दिएका छन्।

उनीहरुले अघिल्लो पुस्ताको योगदानको जगमा टेकेर नयाँ पुस्तालाई डोहोऱ्याउने दायित्व पनि रहेको बताएका छन्।

प्रमुख अतिथि बस्नेतले न्यायालय र पत्रकारिता दुवै क्षेत्रमा असल र खराब पात्रहरु तथा पक्ष रहेको उल्लेख गर्दै पेशाको मर्यादा र गरिमा कायम गर्न सचेत हुनुपर्नेमा जोड दिए।

असल र निष्पक्ष पत्रकारिताले राज्यका निकायलाई खबरदारीसँगै मजबुत बनाउने भन्दै उनले झापाली पत्रकारिता र अग्रजहरुको योगदानको चर्चा गरे। बस्नेतले पत्रकार महासंघ झापाको कामको प्रशंसा गरे।

पुस्तकको परिचर्चा कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्व




महासचिव चन्द्र भण्डारी, नेपाल पत्रकार महासंघ कोशी प्रदेशका कोषाध्यक्ष विमल लामिछाने, शाखाका पूर्व अध्यक्ष चिन्तामणि दाहाल, अग्रज पत्रकार तथा साहित्यकार चुणामणि रेग्मी, झापा शाखाका पूर्व सचिव सन्तोष आचार्यले झापा शाखाको यो कार्यकाल निक्कै उपलब्धिमुलक र प्रभावकारी भएको बताएका थिए। सम्पादक गोपाल गिरीले पुस्तकका बारेमा प्रकाश पारेका थिए। कार्यक्रममा शाखाका उपाध्यक्ष केशव भट्टराईले स्वागत र सचिव डिकेश लामाले सञ्चालन गरेका थिए।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राजधानीमा लोकार्पण गरेको उक्त पुस्तकमा ३० को दशकको अन्त्यसम्मको झापाको पत्रकारिताको इतिहास, त्यसबेला क्रियाशील रहेका अग्रज पत्रकारहरुको संस्करणात्मक जीवनी समेटिएको छ। पुस्तकमा २६ जना पत्रकारहरुको अन्तरवोध खण्ड, १३ जना पत्रकारको संस्मरण आलेख र आठ वटा अभिलेख खण्ड समेटिएका छन्।

गोपाल गिरी र राजवावु शंकरले उक्त पुस्तक सम्पादन गरेका हुन्। पुस्तक कभर सहित २७६ पृष्ठको छ।


नेपाल पत्रकार महासंघ झापा


नेपाल पत्रकार महासंघ झापा
FEDERATION OF NEPALI JOURNALISTS (FNJ) JHAPA
झापाको पत्रकारिता




को पत्रकारिता


पुस्तक परिचर्चा
झापाको पत्रकारिता




ल पत्रकार महासंघ झापा
झापाको पत्रकारिता


नेपाल पत्रकार महासंघ झापा
झापाको पत्रकारिता
पुस्तक परिचर्चा


नेपाल पत्रका

# ‘झापाको पत्रकारिता’ नियाल्दा



■ भुवन तामाङ

झापाली पत्रकारिताको इतिहास बोकेको ऐतिहासिक पुस्तक हालै प्रकाशित भएको छ । पुस्तकको नाम ‘झापाको पत्रकारिता आरम्भदेखि २०४०’ जस्तै झापाको पत्रकारिता आरम्भदेखि २०४० सम्मका ऐतिहासिक विवरणहरु समेटिएका छन् । पुस्तक झापाली पत्रकारका लागि मात्र होइन झापाली सबैका लागि एक गहनाको रुपमा उदय भएको छ । यस कार्यलाई निकै नै महत्त्वपूर्ण योगदान मान्न सकिन्छ ।

एकराज गिरी, अध्यक्ष, नेपाल पत्रकार महासंघ झापा शाखाको ‘सात दशकको यात्रा’ शीर्षकको प्रकाशकीय आलेखमा झापाको पत्रिकारिताको इतिहास समेटिएका छन् । प्रकाशकीयमा लेखिएको छ, विश्वमा पत्रकारिताको विकासको धेरैपछि नेपालमा पत्रकारिताको बीजारोपण भएको पाइन्छ । १७२ वर्षअघि गिद्धे प्रेसको नेपालमा प्रवेशको पृष्ठभूमिसँगै १३७ वर्षअघि अर्थात् १९४३ सालबाट नेपालमा पत्रकारिताको औपचारिक शुभारम्भ मोतीराम भट्टले भारतको बनारसबाट गोर्खा भारत जीवन पत्रिका मार्फत गरेको इतिहास छ । मोतीरामकै अगुवाइमा १९५५ सालमा प्रकाशित सुधासागर पत्रिका नै नेपालको पहिलो पत्रिको हो । यसको ५५ वर्षपछि मात्र झापामा पत्रकारिताको बीजारोपण भएको पाइन्छ । अध्ययन अनुसार २०१० साल मंसीर १२ गते प्रकाशन शुरु भएको केटो मासिक यस जिल्लाको पहिलो पत्रिका र त्यसका सम्पादक श्यामकृष्ण उपाध्यायलाई झापा जिल्लाको पहिलो पत्रकार मानिएको छ ।

प्रकाशकीयमा अगाडि लेखिएको छ, मोफसलमा पत्रकारिताको विकासको इतिहासका दृष्टिले झापा अग्रणी जिल्ला मध्येमा पर्दछ । अग्रजहरुबाट पत्रिकारिताको विकासमा झापा मोफसल कै जेठो जिल्ला हो । यहाँ पत्रिकारिता शुरु भएको ३६ वर्षपछि पत्रकारहरु संगठित भएको इतिहास छ । पेशाको पुस्तान्तरणसँगै इतिहासका तथ्यहरु क्रमशः विस्मृतिमा गइरहेका छन् । झापाली पत्रकारिताको ७१ वर्षको इतिहास, विकासक्रम कहींकतै लिपिबद्ध भएको पाइएको छैन । झापाली पत्रकारिताको त्यही इतिहासलाई लिपिबद्ध गर्ने कार्यको शुरुवात महासंघ झापाको वर्तमान समितिले गरेको छ । इतिहास र यहाँको पत्रकारिताको विकासक्रम, परिवेश र पात्रहरुबारे भावी पुस्तालाई समेत स्मरण गराउन, खोज अध्ययन गर्न चासो राख्नेहरुलाई तथ्य जानकारी गराउन इतिहासलाई लिपिबद्ध गर्नुपर्ने खाँचोलाई मध्यनजर गरी हामीले यस कार्यको शुरुवात गरेका हौं ।

समग्र इतिहास एकै पटक लिपिबद्ध गर्नु कठिन काम हो । तसर्थ हामीले पहिलो पाइला भनौ या केही न केही शुरु गर्नैपर्छ भन्ने हुटहुटीले आरम्भदेखि २०४० सालसम्मको इतिहास, त्यसबेलाका पात्र (पत्रकार), परिवेश र केही अभिलेखहरुलाई यस पुस्तकमा लिपिबद्ध गर्ने प्रयास गरेका छौं । झापाली पत्रकारिताको इतिहासका बारेमा जिज्ञासा राख्ने, अध्ययन अनुसन्धान गर्न चाहने जोसुकैलाई यो पुस्तक उपयोगी हुने हाम्रो विश्वास छ । पछिल्लो पुस्तालाई झापाली पत्रकारिताका विषयमा बुझ्न यो पुस्तक सहायकसिद्ध हुने हाम्रो अपेक्षा छ । -प्रकाशकीयमा भनिएको छ ।

गोपाल गिरी र राजबाबु शंकरको सम्पादनमा पुस्तक नेपाल पत्रकार महासंघ झापा शाखाले हालै प्रकाशन गरेको हो । यो पुस्तक किन पनि महत्त्वपूर्ण रहेको छ भने यसमा देशको सरकार प्रमुख प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको शुभकामना प्रकाशित छ । शुभकामनामा भनिएको छ- नेपाल पत्रकार महासंघ झापाले जिल्लामा प्रेस स्वतन्त्रताको प्रवर्द्धन, निष्पक्ष पत्रकारिता, सत्यतथ्य सूचना प्रकाशन तथा प्रशारण र सञ्चारकर्मीको हकहितको संरक्षणमा पुर्याउँदै आएको भूमिका उल्लेखनीय छ । त्यस्तैगरी सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माको शुभकामना सन्देश पनि प्रकाशित छ । शुभकामनामा भनिएको छ- नेपाल पत्रकार महासंघ झापाले पत्रकारको सामाजिक सुरक्षाका लागि एक करोड रुपैयाँको पत्रकार सहारा उपचार कोष बनाएको र ई-लाइब्रेरी समेत संचालन गरेको सुन्दा खुशी लागेको छ । र, नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेलको शुभकामना पनि प्रकाशित भएका छन् । शुभकामनमा भनिएको छ- झापा शाखाको यो रचनात्मक प्रस्तृति झापाका पत्रकार र पाठकका लागि मात्र सम्पत्तिका रुपमा सीमित हुने छैन । संसारका जुनसुकै स्थानमा बस्ने पत्रकारिताका अध्येताहरुका लागि समेत महत्त्वपूर्ण सामग्रीका रुपमा रहने छ ।

पुस्तकमा अग्रलेख अर्थात् झापा जिल्लाको पत्रकारिता शिर्षकको २१ पृष्ट लामो आलेखमा झापाली समग्र पत्रकारिताबारे शुरुवात देखिका योगदानहरु उल्लेख गरिएका छन् । प्रकाशित पत्रपत्रिका, सम्पादक, प्रकाशक, पत्रिकाका नाम परिवर्तन, जिम्मेवारी परिवर्तन, पत्रपत्रिका प्रकाशन भएका स्थान आदिका विवरण समेटिएका छन् ।

त्रपत्रिकाहरुका विवरण तालिका नै पुस्तकको पछिल्लो खण्डमा प्रकाशित भएपनि यस अग्रलेखमा प्रकाशित प्रसंग, घटना तथा विवरणहरु विस्तृत रुपमा उल्लेख गरिएका छन् । जसबाट झापाली पत्रकारिताबारे धेरै कुराहरु छर्लङ्ग जान्न सकिन्छ । अग्रलेखमा झापाली पत्रकारिताबारे शुरुवातदेखि कै विवरणहरु समेटिएका छन् भने पुस्तकको पछिल्लो भागको तालिकामा पनि पत्रपत्रिकाका विवरण समेटिएका छन् । यस पुस्तकको नाम झापाको पत्रिकिरिता आरम्भदेखि २०४० सम्म भए पनि २०४० पछिका प्रसंग, घटना तथा विवरणहरु पनि समेटिएका छन् ।

यस पुस्तकको अन्तरबोध खण्डमा, झापाका २६ जना अग्रज पत्रकारहरुका योगदानबारे आलेख प्रकाशित भएका छन् । पुस्तकमा उल्लेख अग्रज पत्रकारहरुका नामावली यस प्रकार रहेका छन्ः श्यामकृष्ण उपाध्याय, एस.एल.शर्मा, स्वयम्भूलाल श्रेष्ठ, नकुल काजी, बसन्तकुमार खड्का, चूडामणि रेग्मी, डिल्लीराम निर्भिक, द्रोणाचार्य क्षेत्री, गोविन्द्रचन्द्र क्षेत्री, भरत कोइराला, मदन ढकाल, गोपीकृष्ण खनाल, देवेन्द्रकिशोर ढुंगाना, डिकमान विरही, हीरा आकाश, तारा बराल, गञ्जबहादुर दाहाल, अमृतलाल श्रेष्ठ, भरत भूर्तेल, राधा शर्मा, लक्ष्मण ढकाल, गोपाल गिरी, केशव आचार्य,

राजेश ढुंगाना, गोविन्द गुलाफ र लेखनाथ परदेशी ।

आलेख लेखकहरु क्रमशः यस प्रकार रहेका छन्ः आभा शर्मा, मोहन काजी, दीपक अधिकारी, तारामणि सापकोटा, गोपाल गिरी, राजु बराल, राजबाबु शंकर, सन्तोष आचार्य, नरेन्द्र ढकाल, उत्तम नेपाल, सुरेन्द्र भण्डारी, केशव भट्टराई, सन्तोष शर्मा, रमेश शमदर्शी, पर्वत पोर्तेल, द्रोण अधिकारी, विमल लामिछाने, झुलन रेग्मी, कृष्ण धराबासी, सम्पादक, सुब्रत न्यौपाने, अम्बिका भण्डारी, राजेन्द्र गौतम, सुवास ढकाल, एकराज प्रधान र देविका अधिकारी ।

यस खण्डमा अग्रज पत्रकारहरुकाबारे विस्तृतमा जान्न सकिन्छ। जीवनी नै जान्न सकिन्छ । पत्रकारहरुका जन्ममिति, जन्मस्थान, पारिवारिक विवरण, शिक्षा, बसोबास, अन्य पेशा लगायत पत्रकारिता गरिएका दुःखकष्ट, हण्डर, अभाव, संघर्ष, योगदान र सम्मान आदिबारे उल्लेख गरिएका छन् ।

पूर्वकै जेठो पत्रकार श्यामकृष्ण उपाध्यायबारे आभा शर्माको आलेख अनुसार, श्यामकृष्ण उपाध्यायको सम्पादनमा वि.सं. २०१० मा झापाकै जेठो पत्रिका केटो मासिक प्रकाशन हुने गर्दथ्यो । श्यामकृष्ण उपाध्यायको जन्म वि.सं. १९८६ मा विरगञ्जमा भएको थियो । बाल्यकालमा प्रारम्भिक शिक्षा जनकपुरमा लिइएको थियो । कामको खोजीमा भारतसम्म पुगेका र कलकत्तामा बस्दा उपाध्यायले लेखेका लेखहरु त्यहाँका विश्वामित्र र लोकमान्य पत्रिकाहरुमा प्रकाशन हुने गर्दथे । झापामा भने उनी २००७ सालमा आइ जागिर गर्न थालेका थिए । त्यतिबेला मेची अञ्चलमै कुनै पत्रिका प्रकाशन हुँदैन थिए । केटो पत्रिका बन्द भयो । त्यसपछि उपाध्यायले भद्रपुर नगर पञ्चायतको पञ्चायत नामक मासिक पत्रिका सम्पादन गरे । २०१८ तिर युवक पत्रिका पनि सम्पादन गरे । निडर स्वभावका पत्रकार उपाध्याय कलम र कुचीले अघि बढेका व्यक्तित्व थिए । पत्रकारमात्र नभएर साहित्यकार र कुशल चित्रकार पनि थिए । उनीबाट जनतालाई चेतना लगाउने काम अर्थात पत्रकारिता २०४५ सम्म निरन्तरता भयो । २०४६ चैत्र १७ गते बिर्तामोडमा हिँड्दाहिँड्दै हृदयघातबाट पत्रकार उपाध्यायको निधन भएको थियो ।

यसरी यस पुस्तकमा अग्रज पत्रकाहरुकाबारे सकभर सम्पूर्ण वृत्तान्त खोजी गरी प्रकाशन भएका छन् । जसका लागि आलेख लेखकहरुले निकै नै मेहनत गरेका छन् । कतिपय ठाउँमा तीन-तीन पटकभन्दा बढीपटकसम्म जाँदा पनि अग्रज पत्रकारहरुबारे जानकारी लिन नपाइएको तै पनि दुःखकष्ट र मेहनत गरेर जानकारी बटुलेर झापाका पत्रकाहरुकाबारे वृत्तान्तहरु पस्कन सक्षम भएका छन् आलेख लेखकहरु । जसले झापाली पत्रकारिताको इतिहास खडा गर्न निकै सहायकसिद्ध भएको छ ।

यस खण्ड ऐतिहासिक त छँदैछ, पत्रकारहरुले आफ्ना प्रयासबाट कसरी जनतालाई सत्य तथ्य सुसूचित गरिरहे भन्ने कथाहरु पढ्न पाउँदा पाठकवर्गमा तरंग पैसा हुन्छ । उत्साह र प्रेरणा मिल्दछ । यो खण्ड निकै नै रोचक पनि छ । वास्तवमा देशका लागि सीमित स्रोत साधन, ज्यादै न्यून पारिश्रमिकका बाबजुद र स्वयूमसेवी रुपमा पत्रकारिताका माध्यमबाट कसरी देश र जनताका लागि योगदान गर्न सकिन्छ भन्ने बुझ्न सकिन्छ ।

पुस्तकको संस्मरण, लेख खण्डमा १३ जना अग्रज पत्रकारहरुद्वारा लिखित संस्मरण लेख प्रकाशित भएका छन् । जसअन्तर्गत, युवराज गौतमको पत्रकार बन्ने रहर । अघिल्लो समयमा झापाको पत्रकारिता- लीला उदासी । झापा घोषणापत्र जारी भएको ऐतिहासिक दिन- तारा बराल । झापाबाट सिर्कौं- चन्द्र भण्डारी । आधा शताब्दी लामो झापाली पत्रकारिता- राजेश ढुंगाना । मेरो पत्रकारिता यात्रामा झापाको प्रभाव- धर्मेन्द्र झा । त्यो बेलाको पत्रकारिता- चिन्तामणि दाहाल । झापाले डोहोर्याएको मेरो पत्रकारिता- मोहन मैनाली । झापाको पत्रकारितालाई नमन- स्वागत नेपाल । मेरो पत्रकारिता पाठशाला- अखण्ड भण्डारी । त्यो पत्रकारिता यो पत्रकारिता- गोपीकृष्ण ढुंगाना । पत्रकारितामा सेल्फ सेन्सरसीप- शिव गाउँले र प्रवासमा नेपाली पत्रकारिता- भानुभक्त आचार्य ।

पुस्तकको अभिलेख खण्डमा, झापा जिल्ला प्रशासन कार्यालयमा हालसम्म दर्ता भएका पत्रपत्रिकाको विवरण समेटिएका छन् । दैनिक, साप्ताहिक, मासिक, द्वैमासिक, त्रैमासिक गरी १५९ पत्रपत्रिकाका नाम, दर्ता मिति र नम्वर, किसिम, प्रकाशक, सम्पादक र प्रकाशन हुने स्थानहरु तालिकाबद्धरुपमा उल्लेख छन् । त्यस्तै गरी दैनिक, साप्ताहिक र मासिक पत्रपत्रिकाका छुट्टै विवरण समेटिएका छन् । टेलिभिजन, एफ.एम. रेडियो र न्यूज पोर्टलहरुका विवरण पनि प्रकाशित भएका छन् । त्यसपछि, नेपाल पत्रकार महासंघ झापा शाखाका संस्थापक कार्यसमितिदेखि हालसम्मका कार्यसमितिका विवरण प्रकाशित भएका छन् । विवरणमा २०४६।०४७ देखिका कार्यसमिति समेटिएका छन् ।

समग्रमा यो पुस्तकले एक अभिलेख या दस्तावेजको स्थान त बनाइ नै सकेको छ र झापाली पत्रकारिताको इतिहास कहन्छ अनि बलियोसँग संरक्षण गर्दछ । पत्रकारितामा होमिएका झापाली पत्रकारहरु, सञ्चाकर्मीहरु र स्वअध्ययनशील तथा अनुसन्धान कर्ताहरुका लागि यस पुस्तक भरपर्दो र सटिक सन्दर्भ सामग्रीको रुपमा उभिन सफल भएको छ । यस ऐतिहासिक पुस्तक प्रकाशन गर्नेसम्मका कार्य गर्ने टिम अर्थात सम्पूर्ण पत्रकारका योगदान अविस्मरणीय रहने छन् ।

एडमन्ड वर्कले पत्रकारितालाई चौथो अङ्गको रूपमा अर्थ्याए । नेपोलियन बोनापार्टले चार विरोधी पत्रिका चार हजार सेनाभन्दा डरलाग्दा हुने घोषणा गरे । अमेरिकी राष्ट्रपति थोमस जेफर्सनले 'मलाई सरकार र पत्रिकामध्ये एउटा छान्न भनिए म विना हिचकिचाहट सरकार नभए केही हुन्न, समाचार पत्रिका जीवित रहनुपर्छ'- भनेका थिए । बेलायतका पूर्व प्रधानमन्त्री विन्स्टन चर्चिलले पत्रकारितालाई कहिल्यै नसुत्ने र जनताको स्वतन्त्रताको रक्षा गर्ने अभिभावकको रूपमा परिभाषित गरेका थिए ।

झापाका पत्रकारिता क्षेत्रले यी सबै विशेषताहरु पूरा गर्दै आएका पाइन्छन् । झापाली पत्रकारिता क्षेत्रले नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता स्थापित गर्न योगदान गरेको छ । जनतामा सत्य तथ्य सूचना प्रवाह गरेको छ र गरिरहेको छ । देशमा ठूला परिवर्तनका लागि योगदान गरिसकेको छ ।

देशकै पत्रकारिताको प्रतिनिधित्व गरेको छ भन्ने तथ्य पुस्तक अध्ययनबाट थाहा हुन्छ । झापाली पत्रकारिता एक पाठशाला या सिकाइ केन्द्र बनिसकेको प्रमाण यस पुस्तक हो । धेरै कुरामा अग्रणी रहेको झापा, पत्रकारिताका क्षेत्रमा पनि अग्रणी रहेको छ । पत्रकार अर्थात् अग्रज पत्रकारहरुका योगदानको कदर स्वरुप पुस्तक नै प्रकाशन गर्ने कर्ममा पनि झापा देशमै अग्रणी भएको यसै पुस्तक प्रकाशनले प्रमाणित हुन्छ ।

# ‘झापाको पत्रकारिता-आरम्भदेखि २०४०’ : सरसर्ती हेर्दा



■ भक्त खपाङ्गी

केही दिनअघि नेपाल पत्रकार महासङ्घ झापाका उपाध्यक्ष केशव भट्टराईमार्फत् ‘झापाको पत्रकारिता आरम्भदेखि २०४०’ शीर्षकको पुस्तक हात लाग्यो। पत्रकारिताका बारेमा केही जाने बुझेको नभए पनि पचास-साठीको दशकमा यो पङ्क्तिकार पनि यस क्षेत्रमा प्रवेश गर्ने प्रयासमा कुद्थ्यो। त्यसबखत यसलाई पूर्णकालीन पेसाका रूपमा अपनाउन जोसुकैले सक्तैन थियो ।यस क्षेत्रमा पनि अन्य जागिर, नोकरीमाजस्तो तलब-भत्ता पाइन्छ भन्ने थाहा थिएन । कतिपयले त्यसबखत पत्रकारलाई व्यङ्ग्यात्मक पारामा अलपत्रकार पनि भन्ने गर्थे। विविध कारणले यो पङ्क्तिकार यस क्षेत्रमा अड्न होइन प्रवेशै गर्न सकेन तर यसप्रतिको जिज्ञासा, रुचि र लगाव भने अद्यापि रहिराखेकै छ। यसको जिज्ञासा धेरै हदसम्म प्रस्तुत पुस्तकले गरिदिएको छ, खास गरी आफ्नो गृह जिल्ला झापाको सन्दर्भमा ।

यो पुस्तक सरसर्ती हेर्दा आफै छक्क परियो। उहिले आफूले धेरै पटक देखिएका, कहिलेकाहीँ बोलचाल समेत भएका व्यक्ति श्यामकृष्ण उपाध्याय झापाका पहिला पत्रकार रहेछन् । अरु पनि धेरै देखिएका, चिनिएका, कुराकानीसमेत गरिएका व्यक्तिहरूले यस क्षेत्रमा दिएका योगदान थाहा पाउँदा रमाइलो लाग्यो । यसमा उपाध्यायसहित २६ जना झापाली पत्रकारहरूको व्यावसायिक जीवनका बारेमा सरसर्ती वर्णन गरिएको पाइन्छ ।

गोपाल गिरी र राजबाबु शंकरको सम्पादन रहेको २५६ पृष्ठको प्रस्तुत कृतिमा अग्रलेखसहित अन्तरबोध खण्ड, संस्मरण/लेख खण्ड र अभिलेख खण्ड रहेका छन् ।

सम्पादक मण्डलद्वारा प्रस्तुत ‘अग्रलेख’ले नै झापा जिल्लाको पत्रकारिताको इतिहासकोसङ्क्षेपमा निक्कै जानकारी दिएको पाइन्छ ।

अन्तरबोध खण्डमा प्रारम्भदेखि हालसम्मकै झापाली पत्रकारहरू श्यामकृष्ण उपाध्याय, एसएल शर्मा, स्वयंभूलाल श्रेष्ठ, नकुल काजी, वसन्तकुमार खड्का, चूडामणि रेग्मी, डिल्लीराम निर्भीक, द्रोणाचार्य क्षेत्री, गोविन्दचन्द्र छेत्री, भरत कोइराला, मदन ढकाल, गोपीकृष्ण खनाल, देवेन्द्रकिशोर ढुंगाना, डिकमान विरही, हीरा आकाश, तारा बराल, गञ्जबहादुर दाहाल, अमृतलाल श्रेष्ठ, भरत भुर्तेल, राधा शर्मा, लक्ष्मण ढकाल, गोपाल गिरी, केशव आचार्य, राजेश ढुङ्गाना, गोविन्द ‘गुलाफ’ र लेखनाथ ‘परदेशी’का बारेमा क्रमशः आभा शर्मा, मोहन काजी, दीपक अधिकारी, तारामणि सापकोटा, गोपाल गिरी, राजु बराल, राजबाबु शंकर, सन्तोष आचार्य, नरेन्द्र ढकाल, उत्तम नेपाल, सुरेन्द्र भण्डारी, केशव भट्टराई, सन्तोष शर्मा, रमेश समदर्शी, पर्वत पोर्तेल, द्रोण अधिकारी, विमल लामिछाने, झुलन रेग्मी, कृष्ण धरावासी, सम्पादक, सुव्रत न्यौपाने, अम्बिका भण्डारी, राजेन्द्र गौतम, सुवास ढकाल, एकराज प्रधान रदेविका अधिकारीबारेलेखिएका छन् ।

समाचार, टिप्पणी, समीक्षा आदि विधामा अनवरत कलम चलाउने उल्लिखित लेखकहरू सबैको लेखन शैली धेरै रोचक र सरल छ । रचनाहरूबाट सङ्क्षेपमा धेरै जानकारी प्राप्त हुन्छ । सबै रचना एकै व्यक्तिद्वारा लेखिएको जस्तो लाग्छ । भन्नुको अर्थ सबैको स्तर




उच्चकोटीको छ।

संस्मरण/लेख खण्ड अन्तर्गत रहेका तेह्रवटा लेखहरू युवराज गौतम, लीला उदासी, तारा बराल, चन्द्र भण्डारी, राजेश ढुङ्गाना, धर्मेन्द्र झा, चिन्तामणि दाहाल, मोहन मैनाली, स्वागत नेपाल, अखण्ड भण्डारी, गोपीकृष्ण ढुंगाना, शिव गाउँले र भानुभक्त पोखरेलजस्ता नाम चलेका पत्रकार एवं साहित्यकारहरूबाट लेखिएका रचनाहरू जानकारीमूलक, रसिला र इतिहासको समेत स्वाद दिने खालका छन्।

पुछारको अभिलेख खण्ड त धेरैका लागि अत्यन्तै उपयोगी छ। पुस्तकको शीर्षक हेर्दा झापाली पत्रकारिताकाबारे आजभन्दा चालीस वर्षअघिसम्मको मात्र जानकारी पाइने रहेछ जस्तो लाग्छ तर पुस्तक पढ्दा हालसम्मकै यथेष्ट जानकारी पाउन सकिन्छ।

पुस्तकमा प्रयुक्त झापाली उत्कृष्ट कलाकार प्राज्ञ पवन राजवंशीद्वारा बनाइएका चित्रहरूले कृतिलाई गरिमामय बनाएका छन् तर आधुनिक प्रविधिको उपयोग गर्दै खिचिएका मौलिक तस्बिरहरू राखिएको भए पनि राम्रै हुने थियो होला।

पुस्तकमा प्रयोग गरिएका भाषा-व्याकरण खास गरी वर्णविन्यासका बारेमा अलिकति चर्चा गरौं। हजार वर्ष उमेर पुगेको मानिने देवनागरी लिपिमा लेखिने नेपाली भाषाको वर्णविन्यास अझसम्म विवादरहित र सर्वस्वीकार्य हुन सकेको छैन। विज्ञानको महान् उपलब्धिका रूपमा आएको सामाजिक सन्जाल 'सोसल मिडिया' मा प्रयोग गरिने नेपाली भाषालाई रोमन लिपिमा लेखिने 'नेपाङ्ग्रेजी' ले त हाम्रो भाषाको उछित्तो काढिराखेको छ।

नेपाली भाषाका छोरा, छोरीलाई अचेल ह्यचब, ऋजयचष(चोरी)/ऋजयचथलेखिएको देखिन्छ। व्यापक प्रयोगमा आए पनि यस्ता वर्णविन्यासलाई सरकारी, सामाजिक, शैक्षिक मान्यता भने प्राप्त भएको छैन। मान्यता पाउँदै पाउँदैन भनेर ठोकुवा गर्न चैं सकिँदैन। जे भए पनि लामै समयदेखि राज्यद्वारा नियमन गर्न लागूभएको व्याकरणअनुसार कथ्यभन्दा लेख्य भाषाको प्रयोग गर्नु सबैका लागि राम्रो हुन्छ। राजधानीबाट प्रकाशित हुने राष्ट्रिय छापा माध्यमहरू र केही ठुला प्रकाशन गृहहरूले मात्र मान्यताप्राप्त व्याकरण, खास गरी वर्णविन्यासको प्रयोग गर्छन्। विद्यालय, महाविद्यालयहरूमा सबै पाठ्य पुस्तक यसै अनुसारका भए पनि शिक्षकहरू र सरकार स्वयंले पनि यसको पालना गरेको देखिँदैन। वास्तवमा मान्यताप्राप्त प्रचलित व्याकरण वैज्ञानिक, व्यावहारिक र सजिलो देखिन्छ। यसअनुसार नेपाली भाषामा स्वरवर्ण अ आ इ उ ए ओ (६ वटा मात्र) र व्यञ्जन वर्ण क्, ख्, ग्, घ्, ङ्, च्, छ्, ज्, झ्, ट्, ठ्, ड्, ढ्, त्, थ्, द्, ध्, न्, प्, फ्, ब्, भ्, म्, य्, र्, ल्, व् स्, ह् (२९ वटा मात्र) मानिएका छन्। नेपाली भाषामा तत्सम, तद्भव र आगन्तुक तीन खाले शब्द छन्। झर्रा, ठेट शब्द तद्भव सरह मानिन्छन्। ई, ऊ, ऋ, ऐ, औ, अं, अः स्वर वर्णहरू अनि ञ, ण, श, ष, क्ष, त्र, ज्ञ जस्ता व्यञ्जन वर्णहरूको प्रयोग तत्सम (संस्कृतबाट जस्ताको तस्तै आएका) शब्दमा मात्र प्रयोग गर्नु पर्ने। तद्भव, आगन्तुक, झर्रा र ठेट शब्दहरूमा भने स्वर ६ वटा र व्यञ्जन २९ वटा मात्र प्रयोग गरिनु पर्ने। कुन शब्द कुन भाषाबाट आएको हो भनेर शब्दस्रोत पत्तो लाउन भने सजिलो छैन। यसका लागि आधिकारिक शब्दकोश हेर्नु एउटा प्रमुख उपाय हो।यत्ति कुरामा ध्यान दिइए आधुनिक, संशोधित र परिवर्धित नेपाली व्याकरण बमोजिमको शुद्धता कायम गर्न उस्तो गाह्रो पक्कै हुँदैन।

यसअनुसार हाम्रो कृतिमा प्रयुक्त निम्न शब्दलाई निम्नानुसार लेख्दा पनि राम्रै हुने थियो : आँशु-आँसु, चुनौति-चुनौती, कोशिश-कोसिस, खुशी-खुसी, झण्डा-झन्डा, झुण्डिएको-झुन्डिएको, ताप्लेजुङ्ग-ताप्लेजुङ, दुरावस्था-दुरवस्था,फुङ्गलिङ्ग-फुङलिङ, दशैं-दसैं, बरण्डा-बरन्डा, पर्यन्तसम्म-पर्यन्त, पेशा-पेसा, फाउण्डेशन-फाउन्डेसन, बेञ्च-बेन्च, बाँचुञ्जेल-बाँचुन्जेल, बाहुण्डाँगी-बाहुनडाँगी, बाइण्डिङ्ग-बाइन्डिङ, भण्डाफोर-भन्डाफोर, मेरिल्याण्ड-मेरिल्यान्ड, मृगौला-मिर्गौला, रहुञ्जेल-रहुन्जेल, शर्ट-सर्ट, शहर-सहर, शायद-सायद, शुरू-सुरु, शुरुवात-सुरुआत, श्रृंखला-शृङ्खला, सम्बत्-संवत्, स्रोता-श्रोता, हण्डर-हन्डर आदि। नेपाल पत्रकार महासंघ, झापाले गरेका सङ्घर्ष, उपलब्धि, सफलता, योगदान थाहा पाउन यो पुस्तक नै पढ्नु पर्छ। पुस्तक रसिलो, पठनीय र जानकारीमूलक तथा सङ्ग्रहणीय छ। यस पुनीत कार्यका लागि झापा शाखालाई बधाई दिनैपर्छ।

# अग्रज पत्रकार नेत्र पाठकको निधन




२०८१ जेठ ३१ गते विहीबार नेपाल पत्रकार महासंघ झापाका सदस्य तथा  अग्रज पत्रकार नेत्र पाठकको निधन भएको छ ।

७२ वर्षीय पाठकको आफ्नै निवास बिर्तामोड-४ मा निधन भएको हो । दुई कार्यकाल महासंघको कार्यसमिति सदस्य तथा एक कार्यकाल सचिवसमेत भएका पाठकले लामो समय शिक्षण गर्नुको साथै उनी नेपाल शिक्षक संगठनको नेतृत्वदायी भूमिकामा रहेका थिए ।

पाठकका पत्नी सीता पाठक, छोरा विज्ञान, बुहारी हिमा, छोरी एलिजा र एक नाति रहेका छन् ।पाठक तीन वर्षयता दम, निमोनिया, प्रोस्टेट क्यान्सर र ब्रेनको नशासँग सम्बन्धित समस्याका कारण घरमै उपचार र आराम गर्दै आएका थिए ।

शुक्रबार कनकाई माईमा उनको पार्थिव शरीरको अन्त्येष्टी अघि महासंघ झापाले संक्षिप्त श्रदाञ्जली सभा गरेको थियो । त्यसक्रममा महासंघ झापाका अध्यक्ष एकराज गिर ीसहित पूर्व अध्यक्षहरुले पाठकको पार्थिव शरीरमा महासंघको झण्डा ओढाएर अन्तिम श्रदाञ्जली अर्पण गरेका थिए ।





१. नाम: नेत्रप्रसाद पाठक
२. बाबुआमाको नाम: धर्मप्रसाद/भागिरथा पाठक
३. जन्मस्थान: आठराई तेह्रथुम छकु गा.वि.स.-४
४. औपचारिक शिक्षा: एस.एल.सी.
५. पत्रकारितामा प्रवेश: २०४२ साल
६. सेवा गरिरहेको संस्था र पद: नेपाल पत्रकार महासंघ जिल्ला सचिव
७. अन्य सम्बद्द संस्था भए सो को नाम र पद: ने.रा.शि.संगठन झापाको सचिव, रेडक्रसको आजीवन सदस्य, नेपाल नेत्रज्योति संघको आजिवन सदस्य, ने.रा.शि.संगठनको आजिवन सदस्य
८. पत्रकारिता सम्बन्धि तालिम: आधारभूत पत्रकारिता तालिम
९. सम्प्रति (कार्यरत पत्रिका) : छलफल साप्ताहिक/नयाँ अठोट साप्ताहिक झापा
१०. पुरस्कार :
११. भ्रमण: भारतका केही राज्य
१२. पत्रकारिता सम्बन्धि संक्षिप्त विचार : पत्रकारिता क्षेत्रलाई मर्यादित बनाउँदै निष्पक्ष व्यावसायिक पत्रकारितामा सबैले ध्यान दिनु आवश्यकता ठान्दछु ।
१३. हालको ठेगाना:मेची अंचल झापा जिल्ला अनारमनी गा.वि.स.
१४. फोन नं. ४१२५५

स्रोत: चौथो अङ्ग (स्मारिका २०५६) बाट ।




**पत्रकार महासंघ झापाले दियो**

# स्व. पत्रकार पाठक परिवारलाई एक लाख सहयोग

नेपाल पत्रकार महासंघ झापाले स्वर्गीय पत्रकार नेत्र पाठकको परिवारलाई एक लाख रुपैयाँ सहयोग प्रदान गरेको छ। बिर्तामोडस्थित महासंघको कार्यालयमा आज शुक्रबार आयोजित संक्षिप्त कार्यक्रमका बीच महासंघ झापाका अध्यक्ष एकराज गिरीले स्व. पाठककी श्रीमती सीता र बुहारी हिमालाई उक्त रकमको चेक हस्तान्तरण गरेका हुन्।

महासंघ झापाले स्थापना गरेको पत्रकार सहारा उपचार कोषको ब्याजबाट उक्त रकम सहयोग प्रदान गरिएको हो।

कार्यक्रममा महासंघ झापाका पूर्व अध्यक्ष केशव आचार्य र भीम नेम्वाङले झापाली पत्रकारितामा स्वर्गीय पाठकको योगदानको चर्चा गर्दै पत्रकारका परिवारमा महासंघले पुर्‍याउँदै आएको सहयोगको प्रशंसा गरे। स्व. पाठक महासंघ झापाका पूर्व सचिव तथा प्रेस चौतारी भापाका संस्थापक अध्यक्ष हुन्।

पाठक परिवारको तर्फबाट बुहारी हिमाले महासंघ झापाको काम अनुकरणीय भएको बताउदै धन्यवाद ज्ञापन गरिन्।

अध्यक्ष गिरीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष केशव भट्टराई र सञ्चालन सचिव डिकेश लामाले गरेका थिए।

महासंघ झापाले पत्रकार सहारा उपचार कोषको कार्यविधिमै महासंघका सदस्यको मृत्यु भएमा परिवारलाई अधिकतम् एकलाख रुपैयाँसम्म प्रदान गर्ने यसैवर्षबाट व्यवस्था गरेको छ। गत अधिवेशनबाट पारित कार्यविधि अनुसार सदस्यको मृत्यु पश्चात पहिलोपटक महासंघले उक्त रकम प्रदान गरेको महासंघका कोषाध्यक्ष तथा कोषका सदस्य सचिव रञ्जित प्रसाईले जानकारी दिए।

त्यस्तै यसै साता महासंघ झापाका सदस्यहरु तीन जना पत्रकार महिलालाई सुत्केरी वापत जनही २५ हजार रुपैयाँका दरले सुविधा रकम प्रदान गरेको छ।

पत्रकार महासंघ झापाले स्थापना गरेको पत्रकार सहारा उपचार कोषमा हाल एक करोड ११ लाख ११ हजार एक सय ११ रुपैयाँ रहेको छ। ०८१ वैशाख ३ गते कोषमा उक्त रकमको घोषणासहित दाताहरुलाई सम्मान गरिएको थियो। कोषको ब्याजबाट पत्रकार हरुको सामाजिक सुरक्षामा सहयोग प्रदान गरिँदै आएको छ।

पत्रकार सहारा उपचार कोष मार्फत महिला पत्रकार सुत्केरी हुँदादेखि महासंघका सदस्यको मृत्युपश्चातसम्म परिवारजनलाई सहयोग पुऱ्याउने कार्यले श्रमजीवी पत्रकारहरुको सामाजिक सुरक्षामा महत्वपूर्ण योगदान हुँदै आएको कार्यक्रमका सहभागीले चर्चा गरे।

# हालसम्मका अध्यक्षहरू



डिल्लीराम निर्भिक (स्व.)
०४६-०४७ साल



तारा बराल
०४७-०४९ साल



गोविन्दचन्द्र क्षेत्री
०४९-०५१ साल



केशव आचार्य
०५१-०५३ साल



चिन्तामणि दाहाल
०५३-०५५ साल



रामनाथ बास्कोटा (स्व.)
०५५-०५८ साल



माधव विद्रोही
०५८-०६२ साल



कृष्ण हुमागाई
०६२-०६४ साल



मोहन काजी
०६४-०६७ साल



गणेश पोखरेल
०६७-०७० साल



भीम नेम्वाङ
०७०-०७३ साल



तारामणि सापकोटा
०७३-०७७ साल



एकराज गिरी
०७८-०८१ साल

## पूर्व केन्द्रीय पदाधिकारी तथा सदस्यहरू



चन्द्र भण्डारी
पूर्व महासचिव



मदन ढकाल (स्व.)
पूर्व केन्द्रीय सदस्य



लीला बराल
पूर्व केन्द्रीय सदस्य

# नेपाल पत्रकार महासंघ झापाका प्रकाशनहरु













